# लेखापरीक्षण प्रतिवेदन

# गल्कोट नगरपालिका, बागलुङ

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## गल्कोट नगरपालिका, बागलुङ

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/373

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री प्रमुखज्यू,
गल्कोट नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
गल्कोट, बागलुङ।

**कैफियत सहितको राय**

हामीले यस नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरु समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रू १९ करोड ८९ लाख १४ हजार, पर्यटन पूर्वाधार विकास कार्यक्रमको रू ५३ लाख १० हजार, स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रमको रु. २५ लाख र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रू १९ लाख ६० हजार समेत गरी रू २० करोड ८६ लाख ८५ हजार समावेश गरेको छैन।

२. पालिकाकोरु १ अर्ब ६७ करोड २० लाख ७५ हजारको लेखापरीक्षण गरिएकोमा रू २ करोड २८ लाख ३४ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु २ करोड ७१ लाख ७ हजारको प्रतिक्रिया उपर कारबाही भइ कायम भएको बाँकी बेरुजु रु. १ करोड १८ लाख ७२ हजार मध्ये असुल गर्नुपर्ने रू ९८ लाख ९ हजार र नियमित गर्नुपर्ने रु. २० लाख ६३ हजार रहेको छ।. गत वर्षसम्म रु.४ करोड ४६ लाख ९७ लाखहजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ३ करोड १४ लाख ५८ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. पालिकालेवित्तीय विवरण नेपाल सार्वजनिक लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरू ८, १४, १७, सम्पत्ति तथा राजस्व लगायतका विवरणहरू खुलासा गरेको छैन ।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने गल्कोट नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं

**अन्य बेहोरा**

यस पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी गल्कोट नगरपालिका व्यवस्थापनमा रहेको छ। नगरकार्यपालिका, पालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( राजेन्द्र राज ओझा )

नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

# चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६७ | ६३ | २,२८,३४,२६४ | ० | २४ | २,०७,१७,१८२ | ९७,५५,३८६ | ६७ | ३९ | १,१८,७२,४६८ | ९८,०९,३८६ | २०,६३,०८१ | ० | ० | ० | २०,६३,०८१ | ० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बाग्लुङ | ४,४६,९७,००० | | २,५११,११,३२४ | १,९५,८५,६७६ | | १,१८,७२,४६८ | ३,१४,५८,१४४ |

### बेरुजु सम्परीक्षणको विवरण

| क.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुकोव्यहोरा | सम्परीक्षण भएकोरकम |
|---|---|---|---|---|
| १ | २०७७/७८ | ६९ | कार्यालयको कामउपभोक्ता समितिवाट गराएको | ५२७४२५७ |
| २ | २०७७/७८ | २६ | अनुदानको गलत उपयोग | ५०,००० |
| ३ | २०७७/७८ | २४ | दरबन्दी बेगरको करार | १०२७००० |
| ४ | २०७७/७८ | ३२ | धरौटी फिर्ता | १३६३४४९ |
| ५ | २०७७/७८ | २८ | नाफामुलक संस्थालाईअनुदान | ४००००० |
| ६ | २०७७/७८ | ६७ | मुल्य अभिवृद्धि करवढी भुक्तानी | २०१०५५ |
| ७ | २०७७/७८ | ६५ | सार्वजनिक खरिद ऐन तथानियमावलीको पालन | ४६४००५२ |

| | | | | |
|---|---|---|---|---|
| | | | नभएको | |
| ८ | २०७८/७९ | १३.३ | सार्वजनिक खरिद | ७२,६७० |
| ९ | २०७९/८० | २५ | पेश्की बाँकी | ९५,००० |
| १० | २०७९/८० | ५७ | पाठ्यपुस्तक वापतकोवढी भुक्तानी | ६४,२८२ |
| ११ | २०७९/८० | ७२ | दोहोरो सामाजिकसुरक्षा भत्ता | ७४८७७५ |
| १२ | २०७९/८० | ३८ | कार्यालयको कामउपभोक्ता समितिमार्फत गराएको | २२६४४७५ |
| १३ | २०७९/८० | ७०.२ | ओखरको विरुवा खरिद तथावितरण | ३०५०००० |
| १४ | २०७९/८० | | उपभोक्ता समितिमार्फतखरिद | ६०८७०० |
| १५ | २०७९/८० | ५६ | अस्थाई शिक्षकनियुक्ती | १४४००० |
| १६ | २०७९/८० | ७७ | नाफामुलक संस्थालाईअनुदान | ७९०२१९ |
| १७ | २०७९/८० | २७ | स्थानीय भत्ता | १८२९१२० |
| १८ | २०७९/८० | ३४ | सोझै खरिद | २०३७९२२ |
| १९ | २०७९/८० | ३० | शीर्षक फरक पारी खर्च | ४५०३४८ |
| २० | २०८०/८१ | २७ | संघीय शशर्त | २५८३५१ |
| २१ | २०८०/८१ | ११.४ | सहकारी तर्फ | १६,५०० |
| २२ | २०८०/८१ | २९.३ | सामाजिक सुरक्षा तर्फ | १,५०९ |
| २३ | २०८०/८१ | २२.२,२२.४ र २२.३ | नगरपालिकाको प्रशासकीयभवन निर्माण | १५७९५८३४ |
| २४ | २०८०/८१ | २३.२,२३.३ र २३.४ | नगरपालिका पुँजीगत (८०४४५४०१००१) तर्फ | ३३६९४८८ |
| २५ | २०८०/८१ | २५.४ | चालुखर्च तर्फ | १०००००० |
| २६ | २०८०/८१ | २४ | प्रदेश सरकारसमानीकरणतर्फः (पूँजिगत) | २०,००० |
| २७ | २०८०/८१ | २८.४ | विविध कार्यक्रम तर्फ | २५५५०० |
| जम्मा | | | | ४५८२८५०६ |

# (८०४४५४०१३०० - गल्कोट नगरपालिका, बागलुङ )

## परिचय

१ **परिचय:**

**(क) कार्यालय परिचय :-** नेपालको संविधान अनुसार स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रबर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ११ वडा, ५९ सभा सदस्य, १९४.३९ वर्ग किलोमिटर क्षेत्रफल तथा ३०५८८ जनसंख्या रहेको छ ।

**ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।०८।१४ देखि २०८१ ।०८।१८ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको यस वर्षको आर्थिक कारोबारको रु.१ अर्ब ६७ करोड २० लाख ७५ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.९४८३२/- असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | बढी भुक्तानी भएको सामाजिक सुरक्षा भत्ता | ९४८३२ |

२ **आय ब्यय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाउँपालिकालेप्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०८०।०८१ को प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) निम्न बमोजिम रहेको छ ।

गलकोट नगरपालिका गलकोट, बागलुङ

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन

आर्थिक वर्ष:२०८०/०८१

(२०८०/०४/०१ देखि २०८१/०३/३१ सम्म)

| क्र.सं./ आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | | | गत आ.व.को कारोबार | | |
|---|---|---|---|---|---|---|---|
| | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व अनुदान र अन्य प्राप्ति | | | | | | |
| ११००० | कर | ११२६३५०४८.२० | ०.०० | ११२६३५०४८.२० | १०३९३५४७५.६० | ०.०० | १०३९३५४७५.६० |
| १३००० | अनुदान | ४७९४०२८६८.५६ | ०.०० | ४७९४०२८६८.५६ | ५३४६१२२८३.१८ | ०.०० | ५३४६१२२८३.१८ |
| १४००० | अन्य राजस्व | १२००२०९१.७२ | ०.०० | १२००२०९१.७२ | ९४९९३४६.८२ | ०.०० | ९४९९३४६.८२ |
| १५००० | विविध प्राप्ति | १०८८४६.०० | ०.०० | १०८८४६.०० | ०.०० | ०.०० | ०.०० |
| (क) | जम्मा प्राप्ति | ६०४१४८८५४.४८ | ०.०० | ६०४१४८८५४.४८ | ६४८०४७१०५.६० | ०.०० | ६४८०४७१०५.६० |
| | खर्च तथा भुक्तानी | | | | | | |
| | चालु | ४७५७१८९७०.८० | ०.०० | ४७५७१८९७०.८० | ४७८४०१००३.९५ | ०.०० | ४७८४०१००३.९५ |
| २१००० | पारिश्रमिक / सुविधा | ८२३६७०४१.०० | ०.०० | ८२३६७०४१.०० | ७९०५९७६२.३० | ०.०० | ७९०५९७६२.३० |
| २२००० | मालसामान तथा सेवाको उपयोग | ९२१८१३४६.८० | ०.०० | ९२१८१३४६.८० | १०५५५४३८४.६५ | ०.०० | १०५५५४३८४.६५ |
| २५००० | सहायता (Subsidy) | ६९३१६५.०० | ०.०० | ६९३१६५.०० | ७९८५२०.०० | ०.०० | ७९८५२०.०० |
| २७००० | सामाजिक सुरक्षा | २८६६९२६६१.०० | ०.०० | २८६६९२६६१.०० | २७५४४४०३७.०० | ०.०० | २७५४४४०३७.०० |
| २८००० | अन्य खर्च | ९९५७९९४.०० | ०.०० | ९९५७९९४.०० | १४२५४६६३.०० | ०.०० | १४२५४६६३.०० |
| | पूंजीगत | ३८२६७६३.०० | ०.०० | ३८२६७६३.०० | ३२८९६३७.०० | ०.०० | ३२८९६३७.०० |
| ३१११० | भवन तथा संरचना | १२९०१२१६९.०० | ०.०० | १२९०१२१६९.०० | १८७५२६२१४.७४ | ०.०० | १८७५२६२१४.७४ |
| ३११२० | सवारी साधन मेशिनरी औजार फर्निचर्स तथा फिक्चर्स | ४५४५७३४०.०० | ०.०० | ४५४५७३४०.०० | ६३७२१२६१.०० | ०.०० | ६३७२१२६१.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | ९४५६९१९.०० | ०.०० | ९४५६९१९.०० | ६४०३९०२.०० | ०.०० | ६४०३९०२.०० |
| ३११४० | सुरक्षा उपकरण | १५२०९३२.०० | ०.०० | १५२०९३२.०० | ८७५४०८२.०० | ०.०० | ८७५४०८२.०० |
| ३११५० | सार्वजनिक निर्माण | ६६०८२९७८.०० | ०.०० | ६६०८२९७८.०० | १०७१४६९६९.७४ | ०.०० | १०७१४६९६९.७४ |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | ८७९०००.०० | ०.०० | ८७९०००.०० | ०.०० | ०.०० | ०.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | ०.०० | ०.०० | ०.०० | १५०००००.०० | ०.०० | १५०००००.०० |
| ३१४१० | जग्गाप्राप्ति खर्च | ५६१५०००.०० | ०.०० | ५६१५०००.०० | ०.०० | ०.०० | ०.०० |
| (ख) | कुल जम्मा भुक्तानी | ६०४७३११३९.८० | ०.०० | ६०४७३११३९.८० | ६६५९२७२१८.६९ | ०.०० | ६६५९२७२१८.६९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| (ग) | बचत /कमी (ग = क-ख ) | -५८२२८५.३२ | ०.०० | -५८२२८५.३२ | -१७८८०११३.०९ | ०.०० | -१७८८०११३.०९ |
| (घ) | धरौटी आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | ३९३०८१९.२९ | ०.०० | ३९३०८१९.२९ | ३३४५५६०.७२ | ०.०० | ३३४५५६०.७२ |
| (घ.१) | कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| (ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | ३३४८५३३.९७ | ०.०० | ३३४८५३३.९७ | -१४५३४५५२.३७ | ०.०० | -१४५३४५५२.३७ |
| (च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | ३०६२८२७८.९० | ०.०० | ३०६२८२७८.९० | ४५१६२८३१.२७ | ०.०० | ४५१६२८३१.२७ |
| (छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| (ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | ३३९७६८१२.८७ | ०.०० | ३३९७६८१२.८७ | ३०६२८२७८.९० | ०.०० | ३०६२८२७८.९० |

३ **बित्तीय बिवरणमा समावेश नभएको कारोवार:**

नगरपालिकाले पेस गरेको वित्तीय विवरणमा समावेश नभएको खर्च शीर्षकहरू निम्नानुसार रहेका छन्:

| सि.नं. | खर्च शीर्षक | बजेट | निकासा खर्च |
|---|---|---|---|
| १ | सामाजिक सुरक्षा तथा सरक्षण | १९९२८७५६० | १९८९१४५७९ |
| २ | पर्यटन पुर्वाधार विकास कार्यक्रम | ५३१०२४५ | ५३१०२४५ |
| ३ | स्थानिय तह प्रशासकिय भवन पूर्वाधार बिकास कार्यक्रम | २५००००० | २५००००० |
| ४ | स्वास्थ क्षेत्र सुधार कार्यक्रम | २०४०००० | १९६०००० |
| | **जम्मा** | **२०९१३७८०५** | **२०८६८४८२४** |

४ **वित्तीय विवरण**

स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेको भएतापनि सवै कारोवार सुत्रमा समावेश नभएकोले आम्दानी तथा खर्च भिडान भएको पाईएन ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरेको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भएको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६/०२/१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको वित्तीय विवरण सम्बन्धमा देखिएका व्यहोराहरु देहाय अनुसार रहेका छन्:

- लेखापरीक्षणका क्रममा पेश्की खाता अद्यावधिक रहेको छैन ।

- प्राप्त वित्तीय विवरणको म. ले. प. फारम नम्बर २७० टिप्पणी ६.२ मा देखाएको बैंक तथा नगद बाँकी रु.३३९७६८१२/- मध्ये सञ्चित कोष खातामा रु.२००५१९३६/२० र पाँच वटा कोष खातामा रु.१३९२४८७६/- मौज्दात रहेको छ ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

५ **आन्तरिक नियन्त्रण प्रणालीः**

५.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन्:

**बजेट व्यवस्थापन तर्फ:**

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेखाङ्कन र व्यवस्थापन नगरेको,स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार गरेको छैन ।

• दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकीकृत दीर्घकालिन योजना तयार गरेको छैन ।

• स्थानीय तहले सञ्चालन गर्ने कार्यक्रमहरु जस्तैः बैठक, तालिम, गोष्ठी, अभिमुखिकरण आदी लाई व्यवस्थापन गर्न कार्य सञ्चालन निर्देशिका स्वीकृति गरी सोको कार्यान्वियन गरेको छैन ।

• स्थानीय तहबाट यस वर्ष सञ्चालन कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगती तयार गरेको छैन ।

**भ्रमण खर्च व्यवस्थापन तर्फ:**

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमण अभिलेख राख्ने गरेको छैन ।

• नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण पश्चात् सबै खालका भ्रमणको प्रतिवेदन लिने गरेको छैन ।

**खरिद व्यवस्थापन तर्फ:**

• स्थानीय तहले सार्वजनिक खरिद नियमावली तर्जुमा गरेको छैन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको विवरण पेश गरेको छैन ।

• सञ्चालित योजनाहरुमा उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गरेको छैन ।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको छैन ।

• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वियन र अभिलेख राख्ने गरेको पाईएन ।

**शिक्षातर्फ:**

• स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको प्रतिवेदन पेश गरेको छैन ।

• शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS):- कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग भिडान गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग भिडान गर्ने व्यवस्था कार्यान्वयन भएको छैन ।

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुबाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरी राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार गरेको छैन ।

**विविधतर्फ :**

• मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई समयमै नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ.टी.डि.एस. गरेको छैन ।

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

• पुर्वाधार निर्माण योजनाहरुमा प्रयोग भएको सामाग्रीको प्रयोगशाला परीक्षणको प्रावधान रहेतापनि कतिपय योजनाहरुमा परीक्षणको भुक्तानी नहुने र प्रतिवेदन पेश नहुने गरेकोले प्रयोग हुने सामाग्रीको गुणस्तर कायम भएको सम्बन्धमा कार्यालय आश्वस्त हुनु पर्दछ ।

• पुर्वाधार निर्माण योजनाहरुमा प्रयोग भएको सामाग्रीको प्रयोगशाला परीक्षणको प्रावधान रहेतापनि कतिपय योजनाहरुमा परीक्षणको भुक्तानी नहुने र प्रतिवेदन पेश नहुने गरेकोले प्रयोग हुने सामाग्रीको गुणस्तर कायम भएको सम्बन्धमा कार्यालय आश्वस्त हुनु पर्दछ ।

• कार्यालयको आधिकारिक वेबसाईटमा कतिपय सूचना, जानकारी, तथ्याङ्क तथा फोटोहरु पुरानै रहेको र अद्यावधिक गरि राखेको छैन ।

कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्ने गरेको छैन ।

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फर्स्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा सो अनुसार गर्ने गरेको पाईएन।

अत: पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

५.२ **सम्पत्ति हस्तान्तरण:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल-अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ ।

५.३ **सरकारी तथ सार्वजनिक जग्गा संरक्षण उपयोग तथा हक हस्तान्तरण**: स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नुपर्दछ ।

६ **योजना तर्जुमा र कार्यान्वायन तर्फः**

६.१ **प्राविधिक बिल र कार्य सम्पन्नः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत

अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

६.२ **आयोजना हस्तान्तरण:** सार्बजनिक खरिद नियमाबली २०६४ को नियम ९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । यो बर्ष उपभोक्ता समितिबाट रु.९९५१२१६८/- खर्च गरी २८६ बटा आयोजनाहरु सम्पन्न गरेकोमा नियमाबलीको व्यबस्था बमोजिम हस्तान्तरण गरेको देखिएन । जसबाट सम्पन्न आयोजना मर्मत, रेखदेख तथा उचित संरक्षण हुन नसकि लगानी खेर जानसक्ने देखिन्छ । पालिकाले सम्पन्न आयोजनाहरु समयमै लाभग्राही समुदायलाई हस्तान्तरण गरि उचित रेखदेख तथा मर्मत सम्भार हुने व्यवस्था गर्नुपर्दछ ।

६.३ **योजना छनौट र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी साना-साना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ । यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरू देहायअनुसार छन्।

| क्र. सं. | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | रु.१ लाख भन्दा कमको योजना | ९३ | ८७९८०१८ |
| २ | रू.१ लाख देखि रू.३ लाख सम्मका योजना | १२६ | २६४६४०११ |
| ३ | रू.३ लाख देखि माथि रू.५ लाख सम्मका योजना | २९ | १२५९०००० |
| ४ | रु.५ लाख देखि माथि रू.१० लाख सम्मका योजना | २१ | १५६६९८९३ |
| ५ | रू.१० लाख देखि माथि रू.२५ लाख सम्मका योजना | १२ | २६६४४००० |
| ६ | रू.२५ लाख भन्दा माथीका योजना | ५ | २२८८२०२७ |
| | जम्मा | २८६ | ११३०४७९४९ |

साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा अपेक्षित उपलब्धी प्राप्त गर्न कठिनाई हुने हुँदा यस्तो कार्यमा नियन्त्रण गरी ठुला र प्राथमिकता प्राप्त योजना सञ्चालनमा ध्यान दिनुपर्दछ ।

६.४ **ठेक्का बन्दोवस्त:** कार्यालयले उपलब्ध गराएको विवरण अनुसार कार्यालयबाट भएको खरिद व्यवस्थापन सम्बन्धि संक्षिप्त विवरण देहाय अनुसार रहेको छ।

| कार्यक्रम/ शीर्षक | खरिद सम्झौता | | | | | | | | यस बर्ष सम्पन्न | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुल जम्मा | | प्रथम चौमासिक | | दोस्रो चौमासिक | | तेस्रो चौमासिक | | | |
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| बोलपत्रबाट | २ | २८०७७९८५ | | | | | २ | १३५३५७८१ | १ | ४४६२६५३ |

उल्लेखित विवरण अनुसार यो वर्ष कार्यालयले विभिन्न कार्यको लागी रू.२ करोड ८० लाख ७७ हजार लागतको २ ठेक्का वन्दोवस्त गरेकोमा तेश्रो चौमासिकमा रु. १ करोड ३५ लाख ३५ हजारको २ ठेक्का व्यवस्थापन भएको देखिन्छ । यो वर्ष भएको ठेक्का व्यवस्थापन मध्ये वर्षान्त सम्ममा रू. ४४ लाख ६२ हजार बराबरको १ ठेक्का मात्र सम्पन्न भएको अवस्था छ ।यसरी अन्तिम चौमासिक वा वर्षान्तमा बढी कार्यक्रम सञ्चालन गर्दा आउन सक्ने नकारात्मक स्थिति तर्फ ध्यान दिनुपर्दछ ।

६.५ **निर्माण कार्य व्यवस्थापन:** पालिकाले आर्थिक वर्ष २०८०/०८१ मा ठेक्का र उपभोक्ता समिति मार्फत सम्पन्न गरेको कार्यको विवरण देहाए बमोजिम रहेको छ ।

| योजना संख्या | ठेक्का मार्फत | | उपभोक्ता समिति मार्फत | |
|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम |
| २८८ | २ | १३५३५७८१ | २८६ | ९९५१२१६८ |

यस आर्थिक वर्षमा पालिकाले सञ्चालन गरेका कुल २८८ योजनामा मध्ये ठेक्का मार्फत २ वटा योजनामा रु.१३५३५७८१/- खर्च गरेको छ भने उपभोक्ता समिति मार्फत सञ्चालित २८६ योजनामा रु.९९५१२१६८/- खर्च गरेको छ । अर्थात २८८ योजनामा भएको खर्च मध्ये ११.९७ प्रतिशत ठेक्का प्रक्रिया र ८८.०३ प्रतिशत रकम उपभोक्ता समिति मार्फत् खर्च गरेको देखिन्छ । पालिकाले निर्माण कार्य गर्दा प्रतिस्पर्धात्मक प्रणाली, निर्माण कार्यको गुणस्तर, सोको दिगोपन उपभोक्ता समितिको क्षमता निर्माण कार्यको प्रकृति लगायतका कुराहरुको समेत विचार गरी निर्माण कार्य सञ्चालन एंव व्यवस्थापन गर्न ध्यान दिनुपर्दछ ।

७ **कानून निर्माण र सञ्चालन तर्फः**

७.१ **कानून र सञ्चालन स्थिति:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ऐन ३९ वटा, नियमावली ७, कार्यविधि ५८, मापदण्ड ७ लगायत १११ वटा कानून निर्माण गरी कार्यान्यनमा ल्याएको छ । पालिकाले तयार गरेका सबै कानूनहरु राजपत्रमा प्रकाशन गरेको जनाएको छ । प्रकाशन गरेका कानूनहरु संघीय कानून तथा प्रदेश कानूसँग दोहोरो पर्न सक्ने तथा बाझिन सक्ने सम्बन्धमा पालिकाले एकिन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ।

७.२ **न्यायीक समिति:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार मुद्दा दर्ता र फछ्र्यौट कारवाही देहाय बमोजिम रहेको छ ।अतः पालिकाले तोकिएको अवधिमा मद्धा टुङ्गो लगाउनु पर्दछ ।

| गत वर्षबाट सरेका विवाद | यस वर्ष दर्ता भएको | जम्मा | फछ्र्यौट/कारवाही भएका विवाद | फछ्र्यौट/कारवाही हुन बाँकी विवाद |
|---|---|---|---|---|
| १ | ३ | ४ | २ | २ |

८ **बजेट तथा कार्यक्रमः**

८.१ **बजेट पेश, पारित र अख्तियारी:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री फमलाला निउरे ले मिति २०८०/०३/१० गते रु.६८ करोड १२ लाख १८ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८०/०३/११ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०८०/०३/१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

८.२ **बजेट सीमा निर्धारण समिति:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कुल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ । तर पालिकाले समिति गठन गरेको र आगामी २ वर्षको वजेट प्रक्षेपण तथा आगामी आर्थिक वर्षको वजेट सीमा उपलब्ध गराउने गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

८.३ **बजेट विनियोजन:** आर्थिक वर्ष २०८०/०८१ को पालिकाको कुल बजेट मध्ये चालु र पूँजीगत बजेट देहाए बमोजिम विनियोजन गरेको छ।

| कुल बजेट | चालु बजेट रु. | प्रतिशत | पूँजीगत बजेट रु. | प्रतिशत |
|---|---|---|---|---|
| ६८१८९१००० | ५३१०९६००० | ७७.८८ | १५०७९५००० | २२.१२ |

उक्त विवरण अनुसार पालिकाको यस आर्थिक वर्षमा कुल रु.६८१८९१०००/- बजेट विनियोजन भएकोमा चालु तर्फ रु.५३१०९६०००/- अर्थात ७७.८८ प्रतिशत र पूँजीगत तर्फ रु.१५०७९५०००/- अर्थात २२.१२ प्रतिशत बजेट विनियोजन भएको छ ।पालिकाको कुल बजेट मध्ये चालु प्रकृतिको खर्चमा ज्यादै बढी र पुँजीगतमा ज्यादै न्यून अनुपात रहेकोले चालु प्रकृतिका खर्चमा न्यूनीकरण गर्दै पालिका भित्र बिकास निर्माणका कार्यलाई प्राथमिकता दिएर पुँजीगत बजेटमा बृद्धि गर्नुपर्दछ ।

**बजेट तथा कार्यक्रम तर्जुमा:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

८.४ **त्रैमासिक पूँजीगत खर्च:** आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची-२ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण पेश गर्नुपर्ने र नियम ३६ मा केन्द्रीय निकायले त्यसको भौतिक र बित्तीय पक्षको कार्यालयगत र केन्द्रीय निकायगत समिक्षा गर्नुपर्ने व्यवस्था छ । यसरी समिक्षा गर्दा प्रगति कम भएको देखिएमा सोको कारण पहिचान गरी सुधारको लागि चाल्नुपर्ने कदम समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार त्रैमासिक पुँजीगत खर्चको स्थिति बिश्लेषण गर्दा चौथो त्रैमासिकमा मात्र ४८.९९ प्रतिशत र आषाढमा मात्र

२९.३७ प्रतिशत खर्च गरेको देखिन्छ । अन्तिम त्रैमासिक तथा वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप चौथो त्रैमासिक र आषाढमा बढी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले चौथो त्रैमासिक तथा आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| १ | संघीय पूँजीगत | १८७८९३२० | ० | १५७०००० | ९८२११२६ | ७३९८१९४ | ४६४७१३५ |
| २ | प्रदेश पूँजीगत | ४६५७५०९ | ० | १८५५८२७ | २३३४२५८ | ४६७४२४ | ४२५९२४ |
| ३ | गाउँपालिका पूँजीगत | १०५५६५३४० | १५२६९७७९ | ५९५५३२२ | २८९९८९४४ | ५५३४१२९५ | ३२८२६८३० |
| | कूल खर्च | १२९०१२१६९ | १५२६९७७९ | ९३८११४९ | ४११५४३२८ | ६३२०६९१३ | ३७८९९८८९ |
| | खर्च प्रतिशत | ८५.५५ | ११.८४ | ७.२७ | ३१.८० | ४८.९९ | २९.३७ |

८.५ **बजेट अवण्डाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष विशेष विकास कार्यक्रम शिर्षकमा रु.९००००००/- अबण्डा बजेट व्यवस्था गरी ५० योजनामा रु.८७९८८६७/- खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको देखिएन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

**मौज्दातको अबस्था**: पालिकाले उपलब्ध गराएको आर्थिक विवरण अनुसार यस पालिकाको पछिल्ला तीन आर्थिक वर्षको सञ्चित कोषको अन्तिम मौज्दातको अबस्था देहाय अनुसार रहेको छ:

| सि. नं. | विवरण | आ. ब . २०७८ / ०७९ | आ. ब . २०७९ / ०८० | आ. ब . २०८० / ०८१ |
|---|---|---|---|---|
| १ | अन्तिम मौज्दात | ४२५६२८३१ | ३०६२८२७८ | ३३९७६८१२ |

पालिकामा वर्षान्तमा सञ्चित कोषको अन्तिम मौज्दातको रुपमा रहेको रकमलाई आगामि आर्थिक वर्षमा जिम्मेबारी सारेर समुचित उपयोग गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

८.६ **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।०८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| | | | | |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | १०९१७४००० | ९०५५३७०४ | १४.३७ |
| २ | सामाजिक विकास | ३५७५०७००० | ३३५५२२५४३ | ५५.४८ |
| ३ | पूर्वाधार विकास | ९८६३०००० | ८३३४०५५४ | १३.७८ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १९०६०००० | १३०१७१३५ | २.१५ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ९७५२०००० | ८२२९७२०३ | १३.६१ |
| | जम्मा | ६८१८९१००० | ६०४७३११३९ | |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५५.४८ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र मा सबै भन्दा घटीमा २.१५ प्रतिशत रहेको छ ।

८.७ **बजेट तथा पूँजीगत खर्चः** नगरपालिकाको यस आर्थिक वर्षको बजेट र पूँजीगत खर्चको अवस्था देहाए बमोजिम रहेको छ ।

| क्र.सं. | आर्थिक वर्ष | बजेट | पूँजीगत खर्च | बजेटको तुलनामा पूँजीगत खर्चको प्रतिशत |
|---|---|---|---|---|
| १ | २०८०/०८१ | १५०७९५००० | १२९०१२१६९ | ८५.५५ |

पालिकाले यस वर्ष पूँजीगत तर्फ रु.१५०७९५०००/- विनियोजन गरेकोमा रु.१२९०१२१६९/- खर्च गरेको छ जुन ८५.५५ प्रतिशत मात्र हुन आउँछ ।

८.८ **बजेट तथा चालु खर्चः** पालिकाहरुमा वार्षिक कार्यक्रम तथा बजेट परिषदबाट स्वीकृत गरी बजेट विनियोजन गरिएको हुन्छ ।

| क्र.सं. | आर्थिक वर्ष | बजेट | चालु खर्च | बजेटको तुलनामा चालु खर्चको प्रतिशत |
|---|---|---|---|---|
| १ | २०८०/०८१ | ५३१०९६००० | ४७५७१८९७० | ८९.५७ |

पालिकाले यस वर्ष चालु तर्फ रु.५३१०९६०००/- विनियोजन गरेकोमा रु.४७५७१८९७०/- खर्च गरेको छ जुन ८९.५७ प्रतिशत हुन आउँछ ।

९ **सेवा प्रवाहः**

**सेवाप्रवाहको स्थितिः** पालिकाले आर्थिक वर्ष २०८०/०८१ मा निम्न विषयमा १९३३ जनालाई देहाय बमोजिम पञ्जिकरण प्रदान गरेको छ।

| विवरण | सेवा संख्या |
|---|---|
| जन्म दर्ता | ९७० |
| मृत्यु दर्ता | ३२९ |
| बसाईसराई दर्ता | १२२ |
| विवाह दर्ता | ४५० |
| सम्बन्ध विच्छेद दर्ता | ६२ |
| जम्मा | १९३३ |

उपरोक्तानुसार पालिकाको वार्षिक सेवा प्रवाह अवस्था विश्लेषण गर्दा वार्षिक के कति सेवाग्राहीले सेवा प्राप्तिको लागि निवेदन दिएका थिए र के कतिले प्राप्त गर्न सकेनन् । सेवा प्राप्त हुन नसक्नुको कारण व्यवस्थित रेकर्ड नराखेकोले एकिन गर्न सकिएन । पालिकाले गुनासो सुनुवाई प्रभावकारी बनाई सेवाग्राही सन्तुष्टी सर्वेक्षण गरेर सेवा प्रवाहको अवस्थाको मुल्याङ्कन गर्न सके थप प्रभावकारी हुने देखिन्छ ।

१० **कर्मचारी ब्यवस्थापनः यस सम्बन्धमा देखिएका मूख्य व्यहोराहरु देहाए बमोजिम छन।**

१०.१ **दरबन्दी र पदपूर्तीः** पालिकामा स्वीकृत कर्मचारी दरबन्दी, पदपूर्ती र यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन्।

| क्र.सं. | स्वीकृत पद | संख्या | पदपूर्ती | | | पदपूर्ती बाँकी |
|---|---|---|---|---|---|---|
| | | | स्थायी | करार | ज्यालादारी | |
| १ | अधिकृत स्तर | ४० | २७ | ७ | ० | ६ |
| २ | सहायक स्तर | १३७ | ४८ | ५० | ० | ३९ |
| जम्मा | | १७४ | ७५ | ५७ | ० | ४५ |

१०.२ **रिक्त पदको सूचना नदिएकोः** स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा १२(१) अनुसार स्थानीय सेवाको कुनै पद रिक्त भएमा त्यस्तो पद रिक्त भएको मितिले एक महिना भित्रमा पद रिक्त भएको सूचना सम्बन्धित स्थानीय तहले प्रदेश लोक सेवा आयोग र मन्त्रालयलाई दिनु पर्ने व्यवस्था छ । पालिकाको स्वीकृत कर्मचारी दरबन्दी १७४ जना रहेकोमा माथी उल्लेख भए बमोजिम ७५ जना स्थायी, ५७ जना करारमा कार्यरत रही ४५ पद रिक्त रहेका छन् । तर पालिकाले गत विगत वर्षहरु देखि यस वर्षको लेखापरीक्षण अविधसम्म पनि रिक्त पद पूर्तीका लागि स्थानीय सेवा गठन तथा सञ्चालन ऐनमा तोकिएको व्यवस्था बमोजिम प्रदेश लोक सेवा आयोग र मन्त्रालयलाई सूचना दिएको छैन । अत: यस पालिकाले प्रदेश लोक सेवा आयोग र मन्त्रालयलाई समयमै माग पठाएर कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपुर्ती गरी सेवा प्रवाहलाई सहज र प्रभावकारी बनाउनुपर्दछ ।

१०.३ स्वत: पद रिक्तः स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा १५(१) अनुसार स्थानीय सेवाको पदमा यस अध्यादेशमा व्यवस्था भए देखि बाहेक अन्य तरिकाबाट पदपूर्ती गर्न नपाईने तथा दफा १५(२) अनुसार उपदफा (१) विपरित गरिएको नियुक्ती स्वत: बदर भएको मानिने उल्लेख छ । तर पालिकाले प्रदेश कानून आए पश्चात पनि आर्थिक वर्ष २०८०/०८१ का लागि समेत तोकिए बमोजिम रिक्त पदको सूचना नपठाई करारमा नियुक्त गरेको कार्य नियमसम्वत् नदेखिनुका साथै उक्त करार सम्झौता स्वत: निष्क्रिय हुने देखिन्छ । साथै स्वत: बदर हुने करार सम्झौताका आधारमा तलब भत्ता भुक्तानी हुन जाने अवस्था तर्फ समेत पालिकाले ध्यान दिनु पर्दछ ।अत: पालिकाले समयमै प्रदेश लोक सेवा आयोग र मन्त्रालयलाई सूचना दिएर करार सेवाको स्थानमा स्थायी पदपुर्ती गर्नुपर्दछ ।

१०.४ क**र्मचारी करारः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले स्वीकृत दरबन्दी मध्ये विभिन्न पद तथा स्वास्थ्य सेवामा समेत ५७ जना कर्मचारीहरु करारमा राखि रु.१३०३०७२०/- खर्च लेखेको छ ।

१०.५ **वडा सचिवको पदपूर्तिः** पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । पालिकाले रिक्त पदमा एउटै व्यक्तिलाई दोहोरो जिम्मेबारी दिएको समेत पाईयो । सचिवको दरबन्दी अनुसार पदपूर्ति नहुँदा सेवा प्रवाहमा असर परेको देखियो । अत: कार्यालयले दरबन्दी अनुसार वडा सचिवको पदपुर्ती गरेर सेवा प्रवाहलाई सहज र प्रभावकारी बनाउनुपर्दछ ।

| वडा संख्या | वड सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| ११ | सहायक पाँचौ | ५ | ० |
| | सहायक चौथो | ३ | ३ |

११ **सहकारी तर्फः**

११.१ **सहकारी नियमनः** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा दाखिला गर्नु पर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ६० वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

**संघीय सरकारको अधिकार क्षेत्र अन्तर्गतको विषयमा कानून निर्माणः** नेपालको संविधानको धारा ५७ (६) अनुसार उपधारा (३) वा (५) बमोजिम प्रदेश सभा, गाउँ सभा वा नगर सभाले कानून बनाउँदा संघीय कानूनसँग नबाझिने गरी बनाउनुपर्नेछ र प्रदेश सभा, गाउँ

सभा वा नगर सभाले बनाएको त्यस्तो कानून संघीय कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुने व्वस्था छ । त्यसैगरी संविधानको अनुसूची - ५ संघको अधिकार सूची अन्तर्गत बुदाँ नं. ३० मा फौजदारी र देवानी कानूनको निर्माण गर्ने अधिकार संघको रहेको छ । तर पालिकाको सहकारी ऐन, २०७४ को दफा ८० अन्तर्गत विभिन्न कसुरका लागि १ वर्ष देखि १० वर्ष सम्म कैद सजाय व्यवस्था गरेको छ । त्यसैले देवानी तथा फौजदारी कानून निर्माण गर्ने संवैधानिक तथा कानूनी क्षेत्राधिकार संघीय सरकारको देखिएकाले उल्लेखित कानूनी व्यवस्थामा सुधार हुनुपर्दछ ।

११.२ **सहकारी संस्थाको विवरणः** पालिकामा यस आर्थिक वर्षमा सहकारी संस्थाको विवरण देहाए बमोजिम रहेको छ ।

| सहकारी संस्थाको किसिम | सहकारी संख्या | सदस्य संख्या | शेयर पूँजी रु | बचत रु | ऋण लगानी रु | जगेडा कोष |
|---|---|---|---|---|---|---|
| वचत तथा ऋण सहकारी संस्था लि. | १८ | ४४०९ | ४९१५५९४६ | १४८७१३९७३ | १८०८३७०७४ | २०८४७७१५ |
| बहुउदेश्यीय सहकारी संस्था लि. | ७ | ६९११ | २०५०५२०६ | ६०३१२६४८७ | ५७७६८६८५७ | ३१८२१७८० |
| क्कृषि सहकारी संस्था लि. | १७ | ३५०५ | ४७३६९५०४ | ५७६८०३०१ | ६११९०५२८ | ६००३४३५ |
| अन्य | १२ | २०८७ | ३३४७३१८३ | ४२०९२४६ | ४३११८४४३ | ५८४५६०० |
| जम्मा | ५४ | १६९१२ | १५०५०३८३९ | ८१३७३०००७ | ८६२८३२९०२ | ६४५१८५३० |

११.३ **सहकारी संस्थाको अनुगमनः** पालिकामा संस्थागत रुपमा सहकारी शाखाको व्यवस्था भएता पनि ऐनमा तोकिए बमोजिम सहकारी संस्थाहरुको नियमित सघन अनुगमन गरेको छैन ।पालिकाले दर्ता कायम रहेका ५४ सहकारी संस्था मध्ये ५ वटा सहकारी संस्थाको मात्र अनुगमन गरी रेकर्डहरु व्यवस्थित नभएको, प्रमाणिकरण सुरक्षित नभएको, साधारण सभा नियमित नभएको, शेयर दर्ता किताब व्यवस्थित गर्नुपर्ने जस्ता सम्स्या किटान गरेको र सुधारको मौका दिएकोमा पुनः अनुगमन गरी सुधार भए नभएको बारेमा जानकारी तथा कारबाही गरेको देखिएन । सहकारी सदस्यहरुको हित र वचत रकमको सुरक्षा तथा लगानीमा हुन सक्ने दुरुपयोग रोक्न प्रचलित कानूनी व्यवस्था अनुरुप त्यस्ता संस्थाहरुको नियमित र सघन अनुगमन गर्ने कार्यमा ध्यान दिनुपर्दछ । निस्क्रिय सहकारी संस्थाहरुको अनुगमन भएको नदेखिंदा यस्ता सहकारीको शेयर होल्डर र बचतकर्ताहरुको पूँजी लगानी र बचतको अवस्था एकिन हुन नसकिएकाले अपचलनको जोखिम समेत हुन सक्दछ । अत: बचत तथा लगानीकर्ताको हितकालागि पालिका गम्भिर हुनुपर्ने देखिन्छ ।

११.४ **सहकारीको व्यवसाय करः** नगरपालिकाको आर्थिक ऐन, २०८० को बमोजिम पालिका क्षेत्र भित्र उद्योग व्यापार व्यवसाय सेवा र यस्तै प्रकारका जुनसुकै कारोबार गर्ने व्यक्ति संघसंस्था वा निकायलाई व्यवसायको प्रकृति आर्थिक कारोबार स्थान विशेष र लगानीलाई आधार लिई गरिएको वर्गिकरण अनुसार अनुसूची (४) बमोजिम व्यवसाय कर लगाई असुल उपर गरिने उल्लेख छ । देहायबमोजिमका सहकारी संस्था बचत तथा ऋण सहकारीले अनुसूची (४) बमोजिम व्यवसाय कर बुझाउनुपर्नेमा २०८० को अन्त्यसम्म कर नबुझाएकोले रकम रु.५४०००/- तथा जरिवाना समेत गणना गरि असुल गर्नुपर्छ । अन्य बचत तथा ऋण सहकारी, बहुउद्वेश्यिय सहकारी अनुगमन मूल्याङ्कन गरी व्यवसाय करको दायरामा ल्याउनुपर्ने देखिन्छ रु...

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| ११.४.१ | आत्मनिर्भर कृषि तथा पशु सहकारी संस्था लि. | १,५०० |
| ११.४.२ | कोटमैदान बचत तथा ऋण सहकारी संस्था लि. | १,५०० |
| ११.४.३ | गलकोट कृषि सहकारी ली. | १,५०० |
| ११.४.४ | गलकोट घुम्टे बहुउद्देशयीय सहकारी संस्था ली. | १,५०० |
| ११.४.५ | गल्कोट सुचना तथा सञ्चार सहकारी सस्था लि. | १,५०० |
| ११.४.६ | गाजा बचत तथा ऋण सहकारी संस्था लि. | १,५०० |
| ११.४.७ | ग्रामिण जनएकता बचत तथा ऋण सहकारी संस्था लि. | १,५०० |
| ११.४.८ | घुम्टे बहुमुखी सहकारी संस्था लिमिटेड | १,५०० |
| ११.४.९ | घुम्टे लघुउद्यमी सहकारी संस्था लि. | १,५०० |
| ११.४.१० | जनउत्थान बचत तथा ऋण सहकारी संस्था लि. | १,५०० |
| ११.४.११ | जनकल्याण बचत तथा ऋण सहकारी संस्था लि. | १,५०० |
| ११.४.१२ | जनकल्याण सहकारी संस्था लिमिटेड | १,५०० |
| ११.४.१३ | जनजागृत बचत तथा ऋणसहकारी संस्था लि. | १,५०० |
| ११.४.१४ | जनहित बचत तथा ऋण सहकारी संस्था लि. | १,५०० |
| ११.४.१५ | जिवन सहारा महिला बचत तथा ऋण सहकारी संस्था लि. | १,५०० |
| ११.४.१६ | ज्योति कृषि तथा पशुपालन सहकारी संस्था लि. | १,५०० |
| ११.४.१७ | दरमखोला लघुविद्युत सहकारी संस्था लि. | १,५०० |
| ११.४.१८ | नरेठाँटी बचत तथा ऋण सहकारी संस्था लि. | १,५०० |
| ११.४.१९ | नव जनविकास बहुउद्देश्यीय सहकारी संस्था लि. | १,५०० |
| ११.४.२० | न्यु लाइफ उपभोक्ता सहकारी संस्था लि. | १,५०० |
| ११.४.२१ | फ्रेण्डसिप बचत तथा ऋण सहकारी संस्था लि. | १,५०० |
| ११.४.२२ | बन्धु मिलन कृषि सहकारी संस्था लि. | १,५०० |
| ११.४.२३ | भु.पु. गोरखा बचत तथा ऋण सहकारी संस्था लि. | १,५०० |
| ११.४.२४ | मल्म बहुउद्देश्यीय सहकारी संस्था लि. | १,५०० |
| ११.४.२५ | मिलीजुली कृषि सहकारी संस्था लि | १,५०० |
| ११.४.२६ | मिलीजुली कृषि सहकारी संस्था लि. | १,५०० |
| ११.४.२७ | मेलमिलाप कृषि सहकारी संस्था लि. | १,५०० |
| ११.४.२८ | युवा उद्यमशिल कृषि सहकारी संस्था लि. | १,५०० |
| ११.४.२९ | रमुवा कृषि सहकारी संस्था लि. | १,५०० |
| ११.४.३० | रिघा बचत तथा ऋण सहकारी ससंथा लि. | १,५०० |
| | | |

पारदर्शिता कायम गर्नुपर्दछ । पालिकाले विभिन्न व्यक्ति तथा निकायहरुलाई गर्ने सहयोग शिर्षकबाट आर्थिक सहायता वितरण गर्ने कार्यलाई नियन्त्रण गर्नुपर्दछ ।

१२.२ **विविध खर्च:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु.१४७९२९०/- खर्च गरेको छ । पालिकाले उपलब्ध बजेटलाई कार्यक्रम बनाई उपलब्धीमुलक क्षेत्रमा खर्च गरेर यस्ता चालु प्रकृतिका खर्चमा न्यूनीकरण गर्नुपर्दछ ।

१२.३ **अनुगमन मुल्याङ्कन तथा भ्रमण खर्चः** भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ । नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ । कार्यालय र वडा तथा स्वास्थ्य संस्थामा समेत यस वर्ष विषयगत शीर्षक तथा कन्टेन्जेन्सी वाहेक चालु खर्च शिर्षकवाट रु.१५८१०८१/- खर्च लेखेको छ । तर भ्रमणको उद्धेश्य, अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख, दुरीको विवरण, सवारी साधनको टिकट आदि राखेको छैन । जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन । पालिकाले नियमावलीमा भएको व्यवस्था अनुसार अनुगमन मुल्याङ्कन तथा भ्रमण खर्च गर्नुपर्ने देखिन्छ।

१३ **फोहरमैला व्यवस्थापनः**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३ र ४ बमोजिम पालिका भित्रको फोहरमैलाको प्रबन्ध र व्यवस्थापन गर्ने जिम्मेवारी र दायित्व स्थानीय तहको हुने उल्लेख छ । यस सम्बन्धमा देखिएका प्रमुख व्यहोराहरु देहाय बमोजिम रहेका छन्।

- फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

- ऐनको दफा १४(१) अनुसार यस ऐन बमोजिम स्थानीय तहले अवश्यकता अनुसार दफा १३ बमोजिम अनुमति प्राप्त निजी क्षेत्रका कम्पनी वा सामुदायिक क्षेत्रबाट दफा १५ बमोजिम प्रतिस्पर्धा गराई वा पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानी सम्बन्धी कानून बमोजिमको कुनै प्रक्रियाको अवलम्बन गरी आफ्नो क्षेत्रको फोहरमैला व्यवस्थापन गराउन सक्ने व्यवस्था छ । तर पालिकाले दिएको जानकारी अनुसार हाल पालिकाले नै फोहरमैला व्यवस्थापनको कार्य गरिरहेकोमा तोकिएको कानूनी प्रक्रियाको अवलम्बन गरेको देखिएन ।

- ऐनको दफा ५१(१) अनुसार यो ऐन तथा ऐन अन्तर्गत बनेको नियमावलीको अधिनमा रही स्थानीय तहले विभिन्न प्रकृत्तिका फोहरमैला व्यवस्थापनको लागि बेग्लाबेग्लै मापदण्ड जारी गर्न तथा दफा ५१(२) अनुसार सम्बन्धित स्थानीय तहले फोहरमैला व्यवस्थापन सम्बन्धमा आवश्यक निर्देशिका बनाई लागु गर्न सक्ने व्यवस्था छ । तर पालिकाले हासम्म यस ऐनको कार्यान्वयनका लागि आवश्यक पर्ने मापदण्ड र निर्देशिकाहरु जारी गरेको छैन ।

- फोहोर व्यवस्थापन कार्य वापत ५ जना कर्मचारीलाइ मासिक रु.९१०८०/- भुक्तानी गरेकोमा फोहोर वर्गिकरणबाट संकलन भएको कवाडी विक्री रकम पालिकामा दाखिला भएको देखिएन ।कवाडी बिक्रीबाट प्राप्त रकम पालिकाको राजश्वमा दाखिला हुने व्यवस्था गर्नुपर्दछ।

१४ **ठेक्का अभिलेख:**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.नं. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ । तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन । अतः कार्यालयले स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

१५ **धरौटी तर्फः**

**धरौटी खाताः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी नियमावली,२०७७ को नियम ६४ ले प्राप्त धरौटी रकमको गोश्वारा भौचर उठाई आम्दानी बाँध्नुपर्ने र आर्थिक वर्षको अन्त्यमा मौज्दात रहेको धरौटी रकमको नामनामेसी विवरण उल्लेख गरी व्यक्तिगत धरौटी खाता राख्नुपर्ने व्यवस्था गरेको छ। गाउँपालिकामा व्यक्तिगत धरौटी खाता नराखेको हुँदा विगतमा कहिले देखि कुन ब्यक्ति वा संस्थाको नाममा धरौटी रकम के बापत राखेको हो यकिन गर्न सकिएन । उक्त नियमावलीमा भएको व्यबस्थालाई कार्यान्वयनमा ल्याई पालिकाले तोकिएका विवरण र खाताहरू राख्नुपर्दछ।

१६ **नक्सा दर्ता र पासः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७(१) मा गाउँपालिका/नगरपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था छ । पालिकाको भवन निर्माण ईजाजात शाखाबाट भएको नक्शा दर्ता संख्या तथा नक्सापास संख्याको विवरण देहाय बमोजिम रहेको छ।

| क्र.सं. | आर्थिक वर्ष | नक्सा दर्ता संख्या | नक्सापास संख्या |
|---|---|---|---|
| १ | ०८०/०८१ | १९ | १७ |

उपरोक्त विवरण अनुसार यस वर्षको अवधिमा पालिकाले जम्मा १९ वटा नयाँ नक्सा दर्ता र १७ वटा नक्सापास गरेको छ । त्यसैगरी पालिकाले नक्सा दर्ता र पास गर्दा भवन संहिताको प्रभावकारी पालना र कार्यान्वयनलाई ध्यान दिंदै नक्सा पास र अद्यावधिक तथा अभिलेखीकरणको कार्यमा समेत ध्यान दिनुपर्दछ।

१७ **स्वास्थ्य तर्फः**

१७.१ **औषधी खरिद**: पालिकाले यस वर्ष विरामीहरुको स्वास्थ्य उपचारको लागी औषधी खरिद गरेको सम्बन्धमा देखिएका व्यहोराहरु देहाय अनुसार रहेका छन्:

• आपूर्ति हुने औषधि डव्लु.एच.ओ. GMP सर्टीफाइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन (निशुल्क वितरण) भनि खुलाएको प्रमाण समावेश नभएको।

• आपूर्ति भएका औषधी एबं सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन।

पालिकाबाट प्राप्त विवरण अनुसार प्रदेश स्वास्थ आपुर्ती ब्यवस्थापन केन्द्र तथा स्वास्थ सेवा बिभागवाट आपुर्ती गरिएका औषधी मुल्य नखुलाई आपुर्ती गरिएको साथै म्याद भुक्तानी समय कम रहेका औषधी आपुर्ती गरिएको र मागको आधारमा आपुर्ती नगरीएको कारण औषधीको मुल्य खुलाउन नसकिएको पालिकाले जनाएको छ । मौज्दातको अवस्था हेरेर मात्र औषधी आपुर्ती गर्नुपर्नेमा पालिकाले अधिकतम् मौज्दात (ASL) र न्यूनतम् मौज्दात (EOP) हुनुपर्ने परिमाण नखुलाएकोले औषधी खरिद र आवश्यकता बारे एकिन हुन सकिएन । औषधीको मौज्दात बढी भएका तथा म्याद भुक्तान हुन लागेका औषधी स्वास्थ चौकीमा हस्तान्तरण गरेको कारण पालिकामा म्याद भुक्तान भएको औषधी देखिएन। पालिकाले औषधीको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधी प्राप्त भएको नभएको एकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधीहरु जिम्मेवारी सारी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

१७.२ **स्वास्थ्य तर्फ**: पालिकामा आर्थिक वर्ष २०८०/०८१ मा सञ्चालनमा रहेका स्वास्थ्य संस्थाको दरबन्दी पदपूर्ती र सेवा प्रवाहको अवस्था देहाए बमोजिम रहेको छ।

| स्वास्थ्य संस्थाको किसिम | स्वास्थ्य संस्थाको संख्या | दरबन्दी | पदपूर्ती | सेवाग्राहीको संख्या |
|---|---|---|---|---|
| अस्पताल | १ | १३ | १३ | दैनिक १२०/१५० |
| स्वास्थ्य केन्द्र/चौकी | १० | ५१ | ५० | दैनिक २०/२५ |

उक्त विवरण अनुसार पालिकामा जम्मा १ अस्पताल र १० स्वास्थ्य केन्द्र/चौकीमा कुल ६३ दरबन्दी रहेकोमा हाल ४० पद स्थायी र २३ पद करार मार्फत पुर्ती गरी सेवा प्रवाह गर्ने गरेको देखिन्छ ।

१८ **शिक्षा तर्फः**

१८.१ **विद्यालय र विधार्थी संख्याः** पालिकाले तयार पारेको शैक्षिक सत्र २०८० को विवरण अनुसार देखिएका व्यहोराहरु देहाय बमोजिम रहेका छन् ।

| क्र.सं. | विद्यालयको किसिम | विद्यालय संख्या | विधार्थी संख्या |
|---|---|---|---|
| १ | सामुदायिक विद्यालय | ६१ | ६१०५ |
| २ | संस्थागत विद्यालय | १० | २०८३ |
| | जम्मा | ७१ | ८१८८ |

उपरोक्त विवरण अनुसार पालिकाको जम्मा विधार्थी संख्या ८१८८ रहेकोमा ७४.५६ प्रतिशत सामुदायिक र २५.४४ प्रतिशत विधार्थी संस्थागत विद्यालयमा अध्यनरत रहेको देखिन्छ ।

१८.२ **सामुदायिक विद्यालयको दरबन्दी र पदपुर्तीः** आर्थिक वर्ष २०७९।०८० मा पालिका भित्रका ६६ वटा सामुदायिक विद्यालयको शिक्षक दरबन्दी र पदपूर्तीको अवस्था देहाए बमोजिम रहेको छ ।

| विद्यालयको किसिम | दरबन्दी संख्या | स्थायी पदपूर्ती | पदपूर्ती मध्ये राहत/करार | रिक्त दरबन्दी |
|---|---|---|---|---|
| सामुदायिक ६१ | ४०० | २९४ | १०६ | ० |

उक्त विवरण अनुसार पालिकामा जम्मा ४०० शिक्षक दरबन्दी रहेकोमा २९४ जना स्थायी पदपूर्ती र १०६ जना अस्थायी/राहत/करारमा नियुक्त गरी जम्मा ४०० पदपूर्ती गरेको देखिन्छ ।पालिकाले विद्यालय संख्याका आधारमा सिर्जना गरेका पदहरुमा स्थायी पदपूर्ती गरी सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१८.३ **शिक्षक विद्यार्थी अनुपातः** शिक्षा नियमावली, २०५९ अनुसार सामुदायिक विद्यालयमा विद्यार्थी शिक्षक अनुपात हिमाली भेगमा ४०:१, पहाडी भेगमा ४५:१ र उपत्यका तथा तराई भेगमा ५०:१ रहने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७९।०८० शिक्षक विद्यार्थी अनुपातको अवस्था देहाय बमोजिम छ ।

| क्र. सं. | विद्यालय नाम | विद्यार्थी संख्या | शिक्षक संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|
| १ | श्री सरस्वती मा.वि. ग.न.पा.१ | २२५ | १६ | १:१४ |
| २ | श्री चौराह मा.वि. ग.न.पा.१ | १२५ | १६ | १:८ |
| ३ | श्री गौदीगौमूखी आ.वि. ग.न.पा.१ | ५९ | ७ | १:८ |
| ४ | श्री शिवालय आ.वि. ग.न.पा.१ | ४० | ३ | १:१३ |
| ५ | श्री भगवती आ.वि. ग.न.पा.१ | ३९ | ३ | १:१३ |
| ६ | श्री गाजा आ.वि. ग.न.पा.१ | २२ | ३ | १:७ |
| ७ | श्री सिरवारे आ.वि. ग.न.पा.१ | ३० | ३ | १:१० |
| ८ | श्री देवालय आ.वि. ग.न.पा.१ | २६ | ३ | १:९ |
| ९ | श्री जनता आ.वि. ग.न.पा.१ | १९ | २ | १:१० |
| १० | श्री पृथ्वी मा.वि. ग.न.पा.५ | २५४ | १८ | १:१४ |
| ११ | श्री घुम्टे आ.वि. ग.न.पा.५ | ८४ | ४ | १:२१ |
| १२ | श्री भुजुङ्गे आ.वि. ग.न.पा.६ | २७ | ३ | १:९ |
| १३ | श्री पार्वती मा.वि. ग.न.पा.६ | २२० | १३ | १:१७ |
| १४ | श्री सिद्ध आ.वि. ग.न.पा.५ | २० | २ | १:१० |
| १५ | श्री नवज्योति दूर्गा आ.वि. ग.न.पा.६ | ७२ | ८ | १:९ |
| १६ | श्री शहिद थीरबम आ.वि. ग.न.पा.५ | ५२ | ३ | १:१७ |
| १७ | श्री धवलागिरी आ.वि. ग.न.पा.३ | २९ | ४ | १:७ |
| १८ | श्री जीवनज्योति आ.वि. ग.न.पा.३ | ६४ | ७ | १:९ |
| १९ | श्री खरुवा मा.वि. ग.न.पा.४ | १६७ | १२ | १:१४ |
| २० | श्री कालिका आ.वि. ग.न.पा.४ | २८ | ३ | १:९ |
| २१ | श्री गलकोट मा.वि. ग.न.पा.३ | ११५२ | ३४ | १:३४ |
| २२ | श्री चमुवा आ.वि. ग.न.पा.४ | १५२ | ८ | १:१९ |
| २३ | श्री जयसन्तोषी माँ आ.वि. ग.न.पा.३ | १३ | २ | १:७ |
| २४ | श्री धुस्तुङ आ.वि. ग.न.पा.३ | २३ | २ | १:१२ |
| २५ | श्री भूमे आ.वि. ग.न.पा.४ | ६२ | ४ | १:१६ |
| २६ | श्री कोटमैदान आ.वि. ग.न.पा.३ | २७ | २ | १:१४ |
| २७ | श्री बालप्रेम आ.वि. ग.न.पा.३ | १६ | २ | १:८ |
| २८ | श्री गलकोट बेद बेदाङ्ग विद्याश्रम आ.वि. ग.न.पा.३ | १७ | १ | १:१७ |
| २९ | श्री महेन्द्र मा.वि. ग.न.पा.२ | ३५२ | १८ | १:२० |
| ३० | श्री शितलपाटी आ.वि. ग.न.पा.२ | ६६ | ६ | १:११ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ३१ | श्री नवयुवक आ.वि. ग.न.पा.२ | ८८ | ८ | १:११ |
| ३२ | श्री रामकृष्ण आ.वि. ग.न.पा.२ | ४५ | ३ | १:१५ |
| ३३ | श्री जनजागृती मा.वि. ग.न.पा.८ | ३५२ | १७ | १:२१ |
| ३४ | श्री बालबिकास आ.वि. ग.न.पा.८ | २६ | ३ | १:९ |
| ३५ | श्री देवकोटा आ.वि. ग.न.पा.८ | ५७ | ८ | १:७ |
| ३६ | श्री थालेपोखरा आ.वि. ग.न.पा.८ | १६ | १ | १:१६ |
| ३७ | श्री शिव मा.वि. ग.न.पा.८ | २१४ | १६ | १:१३ |
| ३८ | श्री भानु आ.वि. ग.न.पा.८ | ९ | २ | १:५ |
| ३९ | श्री नवविहानी आ.वि. ग.न.पा.८ | २८ | ३ | १:९ |
| ४० | श्री जनहित मा.वि. ग.न.पा.७ | १६६ | १३ | १:१३ |
| ४१ | श्री भैरव मा.वि. ग.न.पा.९ | १५७ | १३ | १:१२ |
| ४२ | श्री नेटा आ.वि. ग.न.पा.७ | १० | २ | १:५ |
| ४३ | श्री लक्ष्मीनारायण आ.वि. ग.न.पा.९ | ५४ | ३ | १:१८ |
| ४४ | श्री बालकल्याण आ.वि. ग.न.पा.९ | १८ | २ | १:९ |
| ४५ | श्री दीपज्योती आ.वि. ग.न.पा.७ | ५७ | ६ | १:१० |
| ४६ | श्री प्रगती आ.वि. ग.न.पा.७ | १०७ | ७ | १:१५ |
| ४७ | श्री विष्णु आ.वि. ग.न.पा.९ | ४० | ३ | १:१३ |
| ४८ | श्री सिरवारे आ.वि. ग.न.पा.९ | २७ | २ | १:१४ |
| ४९ | श्री पाण्डवखानी मा.वि. ग.न.पा.१० | २५८ | १७ | १:१५ |
| ५० | श्री रमुवा आ.वि. ग.न.पा.१० | १५२ | ७ | १:२२ |
| ५१ | श्री पाण्डवखानी आ.वि. ग.न.पा.१० | ५५ | ३ | १:१८ |
| ५२ | श्री नवज्योति आ.वि. ग.न.पा.१० | ४१ | ३ | १:१४ |
| ५३ | श्री रत्न लक्ष्मी मा .वि. ग.न.पा.११ | २६७ | १६ | १:१७ |
| ५४ | श्री सानोरिघा आ .वि. ग.न.पा.११ | ५८ | ७ | १:८ |
| ५५ | श्री मनेवा आ .वि. ग.न.पा.११ | ७२ | ८ | १:९ |
| ५६ | श्री रिघाफेदी आ .वि. ग.न.पा.११ | ३६ | २ | १:१८ |
| ५७ | श्री किम्ले आ .वि. ग.न.पा.११ | ६३ | ३ | १:२१ |
| ५८ | श्री छिचिम्रा आ .वि. ग.न.पा.११ | ८७ | ४ | १:२२ |
| ५९ | श्री देविस्थान आ .वि. ग.न.पा.११ | ३ | १ | १:३ |
| ६० | श्री सरस्वती आ .वि. ग.न.पा.११ | २० | २ | १:१० |
| ६१ | श्री बालज्योति आ .वि. ग.न.पा.११ | ४० | ३ | १:१३ |
| | | | | |

| | जम्मा | ६१०५ | ४०० | १:१५ |
|---|---|---|---|---|

उपरोक्त विवरण अनुसार यस पालिकामा विद्यार्थी शिक्षक अनुपात १:१५ रहेको छ अर्थात यस पालिकामा १ जना शिक्षकले १५ जना विद्यार्थीहरुलाई पठन पाठन गराउनु पर्ने देखिन्छ ।स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को अनुसूची १ को जिल्ला वर्गिकरणमा वागलुङ जिल्ला पहाडी जिल्लाको सूचीमा रहेको छ । शिक्षा नियमावली, २०५९ ले तोके अनुसार पहाडी भेगमा सामुदायिक विद्यालयमा १ जना शिक्षकले ४५ जना विद्यार्थीलाई पठन पाठन गराउनुपर्ने गरी शिक्षकको दरबन्दी कायम हुनु पर्नेमा यस पालिकामा १ जना शिक्षकले औषतमा १५ जना विद्यार्थीलाई मात्र पठन पाठन गराएको देखियो जुन शिक्षा नियमावली,ले तोकेको अनुपात भन्दा ज्यादै कम रहेको छ । पालिकाले विद्यार्थी संख्या अनुसार शिक्षकको दरबन्दी मिलान गर्नु पर्दछ ।

१८.४ **प्रति विद्यार्थी लागतः** पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८०/०८१ को प्रति विद्यार्थी लागत देहाय बमोजिम रहेको छ ।

| बजेट विवरण | बजेट रकम | खर्च रकम ( रु हजारमा) | विद्यार्थी संख्या | प्रति विद्यार्थी लागत रकम |
|---|---|---|---|---|
| शिक्षा क्षेत्रको कुल बजेट | ३३८३०० | २४२०८५ | ६१०५ | ३९६५४ |

उपरोक्त विवरण अनुसार पालिकाको सामुदायिक विद्यालयको प्रति विद्यार्थी लागत रु.३९६५४/- रहेको छ । शिक्षक विद्यार्थी अनुपात कम रहेकोले प्रति विद्यार्थी लागत बढी रहेको देखियो । अतः पालिकाले विद्यार्थी संख्या अनुसार शिक्षकको दरबन्दी मिलान गरेर प्रति विद्यार्थी लागत कम गर्न पहल गर्नुपर्दछ ।

१८.५ **शैक्षिक गुणस्तरः** नगरपालिका अन्तर्गत रहेका विद्यालयहरुको २०८० सालको एस.ई.ई.परीक्षामा जम्मा ५३७ विधार्थीको सहभागी भएकोमा नतिजाका आधारमा सामुदायिक र संस्थागत विद्यालयको तुलना देहाय बमोजिम रहेको छ।

| क्र.सं. | जिपिए | जम्मा विधार्थी | उत्तिर्ण विधार्थी संख्या | | उत्तिर्ण प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | | | संस्थागत | सामुदायिक | संस्थागत | सामुदायिक |
| १ | ३.६१ - ४.०० | ३८६ सामुदायिक | ७ | १० | ४.६३ | २.५९ |
| २ | ३.२१ - ३.६० | १५१ संस्थागत | २४ | ४२ | १५.८९ | १०.८८ |
| | जम्मा | ५३७ | ३१ | ५२ | | |

उल्लेखित तालिका अनुसार ३.६१ - ४.०० जिपिए ल्याउने १७ विधार्थी मध्ये १० जना, ३.२१ - ३.६० जिपिए ल्याउने ५२ विधार्थी मध्ये ४२ जना मात्र सामुदायिक विद्यालयबाट उत्तिर्ण भएको देखिन्छ । जसअनुसार उच्च जिपिए ल्याउने विद्यार्थी सामुदायिक विद्यालयमा न्यून देखिएकाले सामुदायिक शिक्षा/विद्यालयको गुणस्तर सुधारमा थप ध्यान दिनुपर्ने देखिन्छ ।

१८.६ **संस्थागत विद्यालयको छात्रवृत्तिः** पालिकाको गल्कोट नगरपालिका शिक्षा ऐन २०७६ को दफा ३३ उपदफा १ बमोजिम संस्थागत विद्यालयले कुल विद्यार्थीको १० प्रतिशत छात्रवृत्ति विपन्न एवं सिमान्तकृत विद्यार्थीलाई उपलब्ध गराउनु पर्ने व्यवस्था छ । साथै सोही दफाको उपदफा ४ मा संस्थागत विद्यालयले प्रत्येक वर्ष प्रदान गरेको छात्रवृतिको विवरण नगरशिक्षा शाखामा पेश गर्नु पर्नेमा सो नगरेको साथै नगरपालिकाले अनुगमन गरि विवरण माग गरेको समेत देखिएन । पालिकाले तयार पारेको शैक्षिक सत्र २०८० को विवरण अनुसार संस्थागत विद्यालयमा अध्यनरत विधार्थी संख्या निम्नानुसार छन् ।

| क्र.सं. | विद्यालय | विद्यालय संख्या | विधार्थी संख्या | छात्रवृत्ति प्राप्त गर्नुपर्ने विद्यार्थी संख्या |
|---|---|---|---|---|
| १ | संस्थागत | १० | २०८३ | २०८ |

अत: संस्थागत विद्यालयले तोकिए बमोजिम छात्रवृत्ति प्रदान गरे नगरेको सुनिश्चित हुने तर्फ थप ध्यान दिनुपर्ने देखिन्छ ।

१८.७ **संस्थागत विद्यालयको शुल्क निर्धारण र त्यसको अनुगमनः** पालिकाको शिक्षा ऐन, २०७६ को दफा ४१ को उपदफा ८ मा तोकिए बमोजिम संस्थागत विद्यालयले शुल्क निर्धारण गर्ने तथा सो बमोजिम शुल्क निर्धारण गरे नगरेको पालिकाले अनुगमन गर्ने व्यवस्था

रहेकोमा पालिकाले सो कार्य गरेको देखिएन। अतः ऐनमा तोकेको व्यवस्था अनुसार यस पालिका भित्र संचालित १० (दश) बटै संस्थागत विद्यालयले शुल्क निर्धारण गरे नगरेको पालिकाले अनुगमन गर्नुपर्दछ ।

१८.८ **दिवा खाजाः** कार्यक्रम कार्यन्वयन पुस्तिका २०८०/८१ को क्रियाकलाप नं २.७.११.१ मा तोकिएका विद्यार्थिका दिवा खाजाको लागि विद्यालयलाइ अनुदान निकासा गर्दा शैक्षिक व्यवस्थापन सुचना प्रणालीमा समावेश भएको वालविकास देखि कक्षा ५ सम्मको विद्यार्थि संख्यालाइ आधार मानी दैनिक रु १५ का दरले अधिकतम १८० दिनका लागि रकम निकासा गर्ने व्यवस्था रहेको छ।स्थानीय तहले दोस्रो त्रैममासिक देखि विद्यालयमा बजेट निकासा गर्दा भौतिक रुपमा पुरा समय चलेको दिन खाजा उपलब्ध गराएका विद्यालयको प्रधानाध्यापक र विव्यस अध्यक्षबाट विधार्थिको संख्यात्मक हाजिरी विवरण प्रमाणित गराइ स्थानीय तहमा संकलन गरी संख्या एकिन भए पश्चात मात्र थप अनुदान दिने व्यवस्था छ।त्यस्तै प्रत्येक चौमासिकमा रकम निकासा गर्दा उक्त समय भन्दा अगाडि निकासा भएको रकम सही सदुपयोग भए नभएको एकिन गर्ने व्यवस्था रहेको साथै विद्यालयबाट सञ्चालित दिवा खाजा कार्यक्रमको निरीक्षण अनुगमन स्थानीय तहबाट गर्नुपर्ने व्यवस्था रहेको छ।।पालिकाले आ.व. २०८०/८१ मा ६१ वटा विद्यालयका लागि विभिन्न मितिमा रु.७६८१८९६/- भुक्तानी गरेको छ। नमूनाका रुपमा केही विद्यालयहरुको माग फाराम परिक्षण गर्दा IEMIS अनुसार रकम निकासा भएको तर कतिपय विद्यालयहरुको हाजिरी प्रमाणित गरेको पाइएन। पालिकाबाट निकासा भएको रकम तोकिएको कार्यमा खर्च भए नभएको र खाजाको गुणस्तर कायम भए नभएको सम्बन्धमा पालिकाबाट अनुगमन भएको पाइएन।तसर्थ पालिकाले विद्यालयमा जाने अनुदानलाइ प्रभावकारी कार्यन्वयन गर्नको लागी अनुगमन निरिक्षण गरी प्रतिवेदन गर्नेका साथै उक्त कार्यक्रम कार्यन्वयन पुस्तिकाको पालना गर्नुपर्दछ।

१८.९ **निशुल्क पाठ्यपुस्तक अनुदानः** कार्यक्रम कार्यन्वयन पुस्तिका २०८०/८१ को क्रियाकलाप नं २.४.६.१ अनुसार IEMIS मा प्रविष्ट तथ्याङ्कलाइ स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमा कक्षा १-१२ सम्मका विद्यार्थिको यथार्थ तथ्याङ्कसँग सत्यापित विवरण शिक्षा अधिकृत बाट प्रमाणित गरी सो का आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको संख्या यकिन गर्ने र यकिन भएका विधार्थि संख्याका लागि स्वीकृत दररेटका आधारमा हिसाव गरी अनुदान उपलब्ध गराउने उल्लेख भएको छ। त्यस्तै विधार्थिले शैक्षिक सत्रको सुरुवातमा नै पुरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरी उपलब्धताको सुनिश्चितता गर्ने कार्य स्थानीय तहको हुने व्यवस्था रहेको छ।पालिकाले आ.व. २०८०/८१ मा पाठ्यपुस्तक वापत ६१ विद्यालयहरुलाइ रु.३६८१५५५/- भुक्तानी गरेको छ। नमूनाका रुपमा केही विद्यालयहरुको IEMIS Data परिक्षण गर्दा कुनै विद्यालयको कक्षागत विवरण र IEMIS Data मिलेको देखिएन।त्यस्तै गरी कक्षा ११ र १२ को विवरण IEMIS मा नदेखिएको कारणले संख्या भिडान गर्न सकिएन। IEMIS upgrade हुँदै गरेको भन्ने कार्यालयको भनाइ रहेको छ। उक्त रकमबाट विद्यालयहरुले पाठ्यपुस्तक खरिद गरी विधार्थिलाइ वितरण गरे नगरेको तथा पाठ्यपुस्तकको उपलब्धता र वितरण सम्बन्धमा पालिकाले अनुगमन गरी प्रतिवेदन तयार गर्नुपर्दछ।

१८.१० **छात्रबृति (गैरआवासीय):** कार्यक्रम कार्यन्वयन पुस्तिका २०८०/८१ को क्रियाकलाप नं ७.२.१.१मा सार्वजनिक विद्यालमा अध्ययनरत विधार्थिहरुका लागि छात्रबृति वापत अनुदान दिदा IEMIS मा प्रविष्ट तथ्याङ्कलाइ सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थिको यथार्थ तथ्याङ्कसँग सत्यापन गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी विद्यालयहरुलाइ निकासा गर्नुपर्ने व्यवस्था छ ।पालिकाले छात्रबृति बापत विभिन्न विद्यालयहरुलाइ रु.११७७२००/- निकासा गरेको छ । उक्त रकम सम्बन्धित विधार्थिले पाए नपाएको सम्बन्धमा पालिकाले अनुगमन गरी प्रतिवेदन तयार गर्नुपर्दछ।

१९ **कृषि तथा पशुतर्फः**

१९.१ **कृषि तथा पशुमा अनुदानः** कृषिसँग सम्बन्धित सहकारी तथा संघ संस्थाहरुलाई कृषि विकासका लागी प्रदान गरिने अनुदान कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७३ को बुँदा नम्बर ७ मा अनुदान दिने सार्बजनिक निकायको जिम्मेबारी सम्बन्धी ब्यबस्था गरेको छ । निर्देशिकाको बुँदा नम्बर ७.२ मा अनुदानको कार्यान्वयन गर्न गराउन नियमित रुपमा सुपरीबेक्षण, अनुगमन तथा गुणस्तर नियन्त्रण गरी वा गराई निर्धारित समयमा कार्य सम्पन्न हुने सुनिश्चितता गर्नु सम्बन्धित सार्बजनिक निकायको प्रमुखको कर्तब्य हुने उल्लेख छ ।

पालिकाले उपलब्ध गराएको सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनु पर्दछ र सो को प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी पूँजी निर्माण गर्ने उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको संवन्धमा प्रतिवेदन वनाउनुपर्दछ । यस वर्ष कृषि तथा पशु कार्यक्रम अन्तर्गत संचालित केही कार्यक्रमहरु देहाय अनुसार छन्।

| क्र.सं. | कार्यक्रमको नाम | लाभग्राही संख्या जना | अनुदान रकम |
|---|---|---|---|
| १ | साना सिंचाई मर्मत तथा संभार | ५ | १००००० |
| २ | उत्पादनमा आधारित अनुदान (तरकारीमा) | ८० | ३३६००० |
| ३ | बाझो जमिन पुनउपयोग एवं अनावश्यक झाडीवुट्यान हटाउन प्रोत्साहन कार्यक्रम | १० | २९४५०० |
| ४ | पकेट विकास कार्यक्रम (अदुवा/बेसार, सुन्तला/कागती) | ४ | ५१९३८० |
| ५ | व्यवसायिक फर्म नँया विकास वा विस्तारमा पुजीगत अनुदान | ११ | ६७५००० |
| ६ | आर्थिक विकासका लागि व्यवसायिक ओखरखेती परियोजना | ४ | ८००००० |
| ७ | फलफूल प्रवर्द्धन कार्यक्रम | ५ | ६१९९२४ |
| ८ | आलुबाली पकेट विकास कार्यक्रम निरन्तरता | २ | ६००००० |
|  | जम्मा |  | ३९४४८०४ |
| पशु तर्फ: |  |  |  |
| १ | चिस्यान केन्द्र सबलिकरण तथा दुध संकलन केन्द्र विस्तार | १ | ४५६९६० |
| २ | वहुबर्षे तथा एकबर्षे घासँको विउ तथा विरुवा वितरण | ४० | ३००००० |
| ३ | उत्पादनमा आधारित अनुदान कार्यक्रम (दुधमा) | ११० | २४२४२४ |
| ४ | गाई-भैसी पकेट विकास कार्यक्रम | ४ | ४८९७८९ |
| ५ | पशुपंक्षी व्यवसायिक फर्म विकास र विस्तारमा पूजिगत अनुदान | ७ | ५५४५५६ |
| ६ | बाख्रा पकेट विकास कार्यक्रम निरन्तरता | ६ | ४७३९५० |
|  | जम्मा |  | २५१७६७९ |

पालिकाले अनुदान वितरण पश्चातको उपलव्धी मापन गरेको छैन । अनुदानवाट प्राप्त लाभको विश्लेषण गरी आगामी दिनमा अनुदानको कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ । अनुदान रकम विभिन्न तरिकावाट साना- साना कार्यक्रम बनाई वितरण गर्दा अपेक्षित प्रतिफल प्राप्त नहुने र यसले उत्पादकत्वमा समेत बृद्धि नगर्ने हुदा ठुला अनुदानका कार्यक्रम सञ्चालन गरी कृषि पेशालाई आकर्षित गर्नुपर्छ । साथै अनुगमन प्रभावकारी बनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको एकिन गरी लिखित प्रतिवेदन समेत लिनुपर्दछ । कृषि तथा पशु पालन क्षेत्रमा आत्मनिर्भर वनाउन सरकारले कृषि वीमा तथा पशु वीमामा अनुदानका कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । पालिकाले कृषि क्षेत्र तथा पशु क्षेत्रमा विभिन्न अनुदान दिएकोमा अनिवार्य वीमा गरेर मात्र अनुदान दिने नीति तय गरेको देखिएन । एक सरकारले ल्याएको नीतिलाइ अर्को सरकारले सहयोग गर्ने गरी कार्यक्रम कार्यान्वियन गर्नुपर्दछ ।साथै कृषि तथा पशु सम्बन्धी केही कार्यक्रमहरु विना लागत सहभागीतामा सञ्चालन भएका छन् सवै कार्यक्रममा अनिवार्य लागत सहभागिता गराइ कृषकको स्वामित्व कायम गराई अनुदानको प्रभावकारी उपयोगमा पालिकाले ध्यान दिनुपर्दछ।

१९.२ **अनुदान व्यवस्थापन:** पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष कृषि पशु लगायतका क्षेत्रमा देहाय बमोजिम अनुदान वितरण गरेको छ ।

| क्र.सं. | अनुदानको क्षेत्र | कार्यक्रम संख्या | अनुदान रकम |
|---|---|---|---|
| १ | कृषि तर्फ | ८ | ३९६५५०४ |
| २ | पशु तर्फ | ६ | २५१७६७९ |
| | जम्मा | १४ | ६४८३१८३ |

उपरोक्त विवरण अनुसार यस पालिकाले यो वर्ष कृषि पशु लगायतका क्षेत्रमा रु.६४८३१८३/- अनुदान वितरण गरेको छ । अनुदान वितरण पश्चात अनुगमन प्रभावकारी रुपमा गरी उपलब्धी मापन गरेको नदेखिएकोले अनुदानको सदुपयोग भएकोमा सम्बन्धमा आस्वस्त हुन सकिएन । अतः अनुदान वितरणसंगै अनुगमन संयन्त्र बलियो बनाई अनुदानको अपेक्षित रुपमा सदुपयोग भए- भएको एकिन गर्नु पर्दछ । पालिकाले अनुदानग्राहीको विवरण सार्वजनिक गरी अनुदान वितरणमा पारदर्शिता कायम गर्नुपर्दछ ।

१९.३ **पालिकाको अनुगमनः** गल्कोट नगरपालिकाको कृषि तथा पशुसेवा कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को नियम ३१ अनुसार तरकारी तथा फलफूल संकलन केन्द्रमा विक्रि वितरण गर्ने कृषकलाई विक्रि वितरण गरेको आधारमा सहकारी संस्था मार्फत प्रति के.जि. रु.५/- का दरले अनुदान उपलब्ध गराउने व्यवस्था भए अनुसार कृषकले तरकारी तथा फलफूल विक्रि वितरण गरेको जनाई अनुदान वितरण गर्न गौमुखी सहकारी संस्थालाइ रु.३३६११५/- उपलब्ध गराएकोमा अनुदान उपलब्ध गराए अनुसारको कृषि उपज स्थानीय कृषकले उत्पादन गरेको हो होइन सो सम्बन्धमा खुल्ने कुनै कागजात पेश नगरी र पालिकाले अनुगमन समेत नगरी सहकारीको नाममा अनुदान रकम भुक्तानी दिएको र भुक्तानी रकम बैंक मार्फत कृषकको खातामा जम्मा भएको समेत नदेखिएकोले पर्याप्त आधार प्रमाण बेगर कृषकलाई अनुदान दिनुपर्ने रकम सहकारीको खातामा भुक्तानी दिएर खर्च लेखेको अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३,३६,११५ |

२० **उपभोक्ता समिति मार्फत खरिदः**

२०.१ **उपभोक्ता समिति मार्फत सरकारी भवन निर्माण कार्यः** सार्वजनिक खरिद ऐन, २०६४ को दफा ४४ मा मितव्ययीता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मूख्य उद्देश्य नै रोजगारीको श्रृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा त्यस्तो आयोजना उपभोक्ता समिति मार्फत गरिन सकिने उल्लेख छ साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायबाट कार्य गराउन सकिने व्यवस्था छ ।यस पालिकाले यो वर्ष नगरपालिकाको वडा नम्बर-४ को भवन उपभोक्ता समिति मार्फत निर्माण गरी भौ.नं.१५६ मिति २०८०/१२/२२ बाट रु.१७२००००/- भुक्तानी गरेर उपभोक्ता सहभागी नहुने कार्यमा पनि उपभोक्ता समिति मार्फत कार्य गराईएको पाईयो। यसरी उपभोक्ता प्रत्यक्ष रुपमा सहभागी नहुने कार्यमा उपभोक्ता समिति मार्फत गरिने कार्यमा नियन्त्रण गरिनुपर्दछ ।

२०.२ **हेभी इक्विपमेण्टको प्रयोग:** उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा सार्वजनिक खरिद कानूनले तोकेको प्रक्रिया पूरा गरे नगरेको परीक्षण गर्नु पर्ने सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरूले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था अनुसार सम्बन्धित प्राविधिकको सिफारिश गराई नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गरेका केही उदाहरण देहाय अनुसार रहेका छन् । अत: पालिकाले नियमावलीको व्यवस्था अनुसार उपभोक्ता समितिल आफै गर्न सक्ने र लाग्राही समुदाय

प्रत्यक्ष संलग्न भई स्थानीय स्तरको श्रोत सामाग्री उपयोग हुने तथा स्थानीय स्तरमा रोजगारी सिर्जना हुने प्रकृतिका कार्य मात्र उपभोक्ता समिति मार्फत गराई हेभि ईक्युपमेन्ट प्रयोग गर्नैपर्ने जटिल प्रकृतिका काम सार्वजनिक खरिद कानूनको अबलम्बन गरी सोहि कानूनमा तोकेको व्यवस्था अनुसार योजना कार्यान्वयन गर्नु गराउनु पर्दछ ।

| भौ. नं. र मिति | योजना/आयोजना | लागत अंक | पालिकाको अनुदान | मेशिन प्रयोग बिलको बमोजिमको रकम |
|---|---|---|---|---|
| ८२-२०८०/१०/०५ | भोजुग्रे मोटर बाटो स्तर बृद्धि उ.स. | ३७५५७१ | ३५०००० | ३३८०९ |
| १०२-२०८०/११/१७ | वडा नम्बर २ वडा स्तरीय बाटो सरसफाई उ.स. | १७११६१ | १६०००० | १७१२१७ |
| ११३-२०८०/११/२४ | वडा नम्बर ५ सडक निर्माण र मर्मत उ.स. | १८३४६५ | १७०००० | १८३८१८ |
| ११४-२०८०/११/२४ | सडक मर्मत उ.स. | १२३३४६ | ११५००० | १२३३४६ |
| ११५-२०८०/११/२९ | बेसी चोक देखि शिवालय जाने बाटो मर्मत उ.स. | ३२६००० | ३००००० | १५४९२ |
| ११६-२०८०/११/२९ | देबलधारा मोटर बाटो स्तरोन्नती उ.स. | १६२३७७ | १५०००० | १४८२५ |
| १२४-२०८०/१२/०५ | चिनामणी मोटरबाटो तथा पैदल मार्ग निर्माण उ.स. | ३२३०७० | ३००००० | ३२४२१३ |
| १५६-२०८०/१२/२२ | वडा नम्बर ४ भवन निर्माण उ.स. | ३२३०७० | १७२०००० | १५६३९९ |
| १७१-२०८०/१२/२८ | नरेठाँटी ग्रामिण सडक उ.स. | १३१०१४८ | १२००००० | १४०००० |
| १६९-२०८०/१२/२८ | नियमित सडक मर्मरत उ.स. | ० | ४८६००० | १८४८७३ |
| १७९-२०८१/०१/१० | ठूलाथर लाकुडाँडा मोटरबाटो ढलान उ.स. | १२८९४५४ | १२००००० | २६०१०३ |
| | जम्मा | ४५८७६६२ | ६१५१००० | १६०८०९५ |

२०.३ **नगद भुक्तानी:** आर्थिक वर्ष २०७४/०७५ को बजेट वक्तव्यको नं. १८३ वाट राज्यकोषवाट हुने तलव, भत्ता लगायतका सबै भुक्तानी सम्वन्धित व्यक्ति तथा संस्थाको वैंक खाता मार्फत हुने व्यवस्था गरिएको, अर्थ मन्त्रालयको प.सं. २०७४।०७५ मार्गदर्शन च.नं. १०९६ मिति २०७४।०२।१६ को पत्रको प्रकरण ४४ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको अनिवार्य रुपमा बैंक खाता खोल्ने व्यवस्था मिलाई सो वापतको रकम बैंक खातामा जम्मा गरी भुक्तानी दिन निर्दिष्ट गरिएको तथा श्रमिकले पाउने पारिश्रमिक रोजगारदाता कम्पनीले अनिर्वाय बैंक खाताबाट भुक्तानी गर्नुपर्ने । नेपाल सरकार, प्रदेश तथा स्थानीय तह, विश्वविद्यालय, नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका संस्थान, समिति, परियोजना, प्रतिष्ठान र मातहतका निकायमा काम गर्ने सबै श्रमिक तथा कर्मचारीको पारिश्रमिक एवं वित्तीय सुविधा २०७५ श्रावण १ बाट बैंकिङ्ग च्यानल बाट भुक्तानी गर्नु पर्ने ब्यवस्था भएकोमा नगरपालिकाले उपभोक्ता समिति मार्फत भएको कामको भुक्तानी दिंदा दैनिक ज्यालादारी रकम भुक्तानी गर्दा समेत बैंकिक खाता मार्फत भुक्तानी भएको नदेखिएकोले यसमा सुधार गर्नु पर्दछ ।

२१ **आन्तरिक आय तर्फः पालिकाको आन्तरिक आय तर्फ देखिएका प्रमुख व्यहोराहरु देहाय बमोजिम रहेका छन्।**

२१.१ **आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०/८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ६०४७३११३९ | १७९७६५६१.८९ | २.९७ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.९७ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने

देखिन्छ ।

२१.२ **आन्तरिक आय र खर्चको विश्लेषणः** पालिकाको यस आर्थिक वर्षको आन्तरिक आय र खर्चको विवरए देहाय बमोजिम रहेको छ ।

| क्र.सं. | आर्थिक वर्ष | आन्तरिक आय रु | पालिकाको जम्मा खर्च रु | आयको तुलनामा खर्चको प्रतिशत |
|---|---|---|---|---|
| १ | २०८०/०८१ | १७९७६५६१ | ६०४७११३९८ | ३३६४ |

पालिकाको यस आर्थिक वर्षको जम्मा खर्च रु.६०४७११३९८/- रहेको छ भने राजश्व संकलन रु.१७९७६५६१/- गरेको छ । पालिकाको कुल खर्च आन्तरिक आयको ३३६४ प्रतिशत बढी हुन आउँछ जुन खर्चको तुलनामा आन्तरिक आय ज्यादै न्यून रहेको देखिन्छ । अत: पालिकाले खर्चको तुलनामा आन्तरिक आय बृद्धि गर्दै प्रदेश तथा संघीय अनुदानको निर्भरता कम गर्नु पर्दछ ।

२१.३ **कर तथा शुल्क असुली:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

| क्र.सं. | प्राप्तिको श्रोत | वार्षिक अनुमानित आय | आम्दानी |
|---|---|---|---|
| १ | ११३१३ - सम्पती कर | २५,००,०००.०० | २४,१४,९५४.०० |
| २ | ११३१४ - भुमिकर/मालपोत | २०,००,०००.०० | १४,९५,८८६.०० |
| ३ | ११३१७ - वहाल कर | १०,००,०००.०० | १६,७६,६३३.६० |
| ४ | ११४५१ - सवारी साधन कर (साना सवारी) | १,००,०००.०० | ० |
| ५ | ११६९१ - अन्य कर | ८,००,०००.०० | १,१९,४६८.०० |
| ६ | १४२१९ - अन्य सेवा शुल्क तथा बिक्री | २,००,०००.०० | ११,५९,९५१.०० |
| ७ | १४२२१ - न्यायिक दस्तूर | ५०,०००.०० | ७५० |
| ८ | १४२२९ - अन्य प्रशासनिक सेवा शुल्क | ० | १६,६३,६४३.०० |
| ९ | १४२४२ - नक्सापास दस्तुर | २२,००,०००.०० | ७,४९,०४४.०० |
| १० | १४२४३ - सिफारिश दस्तुर | २५,००,०००.०० | ४४,११,९१६.०० |
| ११ | १४२४४ - व्यक्तिगत घटना दर्ता दस्तुर | ४,००,०००.०० | २,८५,६५०.०० |
| १२ | १४२४५ - नाता प्रमाणित दस्तुर | ५,००,०००.०० | २,२५,९५०.०० |
| १३ | १४२४९ - अन्य दस्तुर | ७,००,०००.०० | १३,३०,३६३.२९ |
| १४ | १४२५३ - व्यावसाय रजिष्ट्रेशन दस्तुर | ० | २२,१९,५४७.०० |
| १५ | १४२६५ - अन्य क्षेत्रको आय | ० | २३,११२.०० |
| १६ | १४३१२ - प्रशासनिक दण्ड, जरिवाना र जफत | ५०,०००.०० | ० |
| १७ | १४५२१ - प्रदुषण नियन्त्रण शुल्क | ७,००,०००.०० | ० |
| १८ | १४५२९ - अन्य राजस्व | ० | ९०,८४८.०० |
| १९ | १४६११ - व्यवसाय कर | २५,००,०००.०० | ० |
| २० | १५१११ - बेरूजू | ३,००,०००.०० | १,०८,८४६.०० |
| | जम्मा | १,६५,००,०००.०० | १,७९,७६,५६१.८९ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं करदाताले कर बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ पालिकाले आफ्नो क्षेत्रभित्रका करदाताहरुको पहिचान गरेर अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।

२२ **नगरपालिकाको प्रशासकीय भवन निर्माण:**

२२.१ यस नगरपालिकाको प्रशासकीय भवन निर्माण गर्न निर्माण व्यसायी रबिना/जुगल जे.भी.संग ठेक्का नम्बर Galkot_Municipality/NCB/05/2078-079 बाट मिति २०८१/०८/२९ सम्म कार्य सम्पन्न गर्ने गरी रु.१४०६१२२२८/- मुअकर सहित लागत अनुमान राखेर मिति २०७९/३/१४ मा संझौता र मिति २०७९/३/१५ मा कार्यादेश दिएको छ ।यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय अनुसार रहेका छन्।

२२.२

( ✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **६२१,९६३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

२२.३ **पेश्की असुल गर्नुपर्ने:**

( ✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२५** को निर्णयले रू **१४,८८०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

२२.४ **बढी कन्टेन्जेन्सी कट्टा:**

( ✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **२९३,८७१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

२३ **नगरपालिका पुँजीगत (८०४४५४०१००१) तर्फ:**

२३.१ **हस्तान्तरण:**

( ✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-११** को निर्णयले रू **९९१,९८८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

२३.२ **जग्गा खरिद:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा प्रतिस्पर्धा सिमित हुनेगरि सार्वजनिक खरिद गर्न नहुने व्यवस्था रहेको छ । यस नगरपालिकाले यो वर्ष स्वास्थ्य कार्यालय तथा वडा कार्यालयहरुको लागी देहाय अनुसारको जग्गा खरिद गरेको जनाई रु.२२०४१०००/- खर्च लेखको छ । उक्त जग्गा खरिद गर्दा खुल्ला रुपमा सूचना आव्हान गरेर प्रतिस्पर्धाबाट न्यून मूल्यमा खरिद गर्नुपर्नेमा सूचना प्रकाशन गर्दा निश्चित स्थानको मात्र जग्गा खरिद गर्न मिल्नेगरी सर्तहरु राखेका कारण जग्गा खरिदमा प्रतिस्पर्धा समिति भएकोले प्रतिशस्पर्धाबाट अझ कम मूल्यमा जग्गा प्राप्त हुन सक्ने अवस्था सिमित भएको छ । उक्त जग्गा खरिद गर्न अधिकांश रकम स्थानीय जनताहरुबाट संकलन भएका कारण दाताहरुले ईच्छयाएको स्थानलाई पनि प्राथमिकता दिनुपरेका कारण प्रतिस्पर्धा समित जस्तो देखिन गएको पालिकाले जनाएको छ । पालिकाले सार्वजिनक भवन निर्माण गर्न जग्गा खरिद गर्दा प्रतिस्पर्धा सिमित नहुने गरी खुल्ला रुपमा सूचना आव्हान गरेर न्यून लागतमा खरिद गर्नुपर्दछ।

| सि.नं. | भौचार नम्बर र मिति | जग्गा खरिदको विवरण | रकम | हस्तान्तरण गर्नुपर्ने निकाय |
|---|---|---|---|---|
| १ | १४-२०८१/०३/२१(विविध खर्च खाता) | वडा नम्बर-५ मा नगर अस्पत्तालको लागि जग्गा खरिद | ९०००००० | स्थानीय जनताबाट रकम संकलन |
| २ | ६३३-२०८१/०३/२१(नगरपालिका पुँजीगत खाता) | ,, | १०१३५०० | नगरपालिकाबाट भुक्तानी |
| ३ | यो वर्ष ७७-२०८०/१५/१५ बाट र हाल सम्म (नगरपालिका पुँजीगत खाता) | वडा नम्बर-१ मा स्वास्थ्य चौकीको लागि जग्गा खरिद | ३७१५००० | |
| ४ | १२,२२४-२०८१/०२/०७ (नगरपालिका पुँजीगत खाता) | वडा नम्बर-३ को कार्यालय भवनको लागि जग्गा खरिद | ८३१२५०० | |
| | | जम्मा | २२०४१००० | |

२३.३ (६-२०८०-६-११):

**जेनेरेटर खरिद र हस्तान्तरणः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३०** को निर्णयले रू **९९२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

२३.४ **ढुङ्गाको प्रयोग:** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ (छ) मा अधिकार प्राप्त अधिकारीले उपलब्ध श्रोत साधन तथा सम्पत्तिको समुचित उपयोग भएको र सम्पत्ति हानी नोक्सानी नहुने गरी सम्भार तथा संरक्षणको उचित व्यवस्था गरेको सुनिश्चित भएर मात्र खर्च लेख्नु पर्ने व्यवस्था रहेको छ । यस पालिकाले यो वर्ष २ वटा योजना ठेक्का मार्फत कार्य गरेर रु.१३५३५७८१/- भुक्तानी गरेको तथा २८६ वटा योजनाहरु उपभोक्ता समिति मार्फत सञ्चालन गरेर रु.९९५१२१६८/- भुक्तानी गरेको छ । यसरी यो वर्ष सञ्चालन गरेका अधिकांश सडक निर्माण, नदी नियन्त्रण, सडक मर्मत, बाटो खन्ने तथा ट्र्याक खोल्ने लगायतका ढुङ्गा प्रयोग हुने योजनाहरुमा Hard Rock, Medium Rock and Soft Rock खन्ने तथा फुटाउने कार्य गरेकोमा निस्कने ढुङ्गाहरु सोही योजनाहरुमा ग्याबिन जालीमा ढुँगा भर्दा र Stone Soling Works गरेकोमा खन्दा निस्कने ढुँगाको त्यहीं उपयोग गरी अन्यत्रबाट खरिद गर्नुपर्ने देखिंदैन । तर त्यस्ता योजनाहरुको लागत अनुमान तयार गर्दा ढुङ्गा खरिदको दर समावेश गरेर अन्यत्रबाटै खरिद गरेको लागत समावेश गर्ने गरेको पाईयो । अत: पालिकाले यस प्रकारका योजनाहरुमा खन्दा निस्कने ढुङ्गाको उपयोग गरेर नपुग ढुङ्गा मात्र अन्यत्रबाट खरिद गर्ने गरी लागत अनुमान तयार गर्नुपर्दछ ।

२३.५ **जिन्सी दाखिला र हस्तान्तरण:**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-८** को निर्णयले रू **१,३८५,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

२३.६ (२६-२०८०-९-२):

**जीप पार्क निर्माणः** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ (छ) मा अधिकार प्राप्त अधिकारीले उपलब्ध श्रोत साधन तथा सम्पत्तिको समुचित उपयोग भएको र सम्पत्ति हानी नोक्सानी नहुने गरी सम्भार तथा संरक्षणको

उचित व्यवस्था गरेको सुनिश्चित भएर मात्र खर्च लेख्नु पर्ने व्यवस्था रहेको छ । यस पालिकाले यो वर्ष वडा नम्बर-३ मा चन्द्र बहादुर थापाको १-७-३-२ क्षेत्रफलको जग्गा मासिक रु.२७५००/- का दरले भाडा बुझाउने गरी आर्थिक वर्ष २०७९/८० देखि न्युनतम ६ वर्षका लागी लिजमा लिएर जीप पार्कको संरचना निर्माण गरी K.C. Nirwan Sewa, Baglung लाई रु.९२६९६६/- भुक्तानी दिएको छ । लिजमा लिएको जग्गामा निर्माण गरिएको संरचनाहरु ६ वर्ष भन्दा बढी वर्ष सम्म टिकाउ हुने तर लिज संझौता ६ वर्ष सम्मको मात्र हुँदा ठूलो रकम खर्च गरेर निर्माण गरेको संरचना पालिकाले अधिकतम उपयोग गर्न नपाउँदै लिजको अबधि समाप्त हुने देखिन्छ । पालिकाले जग्गा लिजमा लिएर संरचना निर्माण गरेको करीव १ वर्ष व्यतित भैसक्दा समेत जीप पार्क सञ्चालनबाट भएको कुनै आम्दानी पालिकाको राजश्वमा दाखिला भएको पाईएन । तर पालिकाले वार्षिक रु.३३००००/- भाडा दायित्व व्यहोर्नुपरेको अबस्था छ । पालिकाले पर्याप्त लागत लाभ विश्ललेषण गरेर निर्माण भएका संरचनाको अधिकतम उपयोग हुनेगरी जीप पार्क सञ्चालन गर्नुपर्दछ । यसरी छोटो अबधीको लागी लिजमा लिएको जग्गामा धेरै वर्ष सम्म उपयोग गर्न मिल्ने स्थायी संरचना निर्माणमा पालिकाले गरेको खर्च रु.९२६९६६/- अनियमित देखिएको रु...

| | |
|---|---|
| अनियमित भएको | ९,२६,९६६ |

२४ **प्रदेश सरकार समानीकरणतर्फः (पूँजिगत)**

**एज बिल्ड ड्रईङ्ग बेगर भुक्तानीः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१३** को निर्णयले रू **२०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

२५ **चालुखर्च तर्फः**

२५.१ **तलवी प्रतिवेदनः** निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ १९ कर्मचारीको रु.३७८४९७७/- र पालिकाका ७५ कर्मचारीको रु.१९६८४३९२/- समेत रु. ५७५३४१६९/- खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

२५.२ **कार्यक्रम तथा प्रगतिः** सार्बजनिका निकायले आफुलाई तोकिएको र आफुले तोकेको लक्ष्य अनुसार शत प्रतिशत प्रगति हाँसिल हुनेगरी कार्य सम्पादन गर्नुपर्दछ । कार्यालयले देहायका कार्यक्रममा शुन्य प्रगति गरेको छ । कार्यालयले पुरा गर्न सक्ने योजनाहरु मात्र छनौट गरी कार्यान्वयनमा लैजानुपर्दछ । लक्ष्य अनुसार प्रगति नहुने हो भने बार्षिक कार्यक्रमको कुनै औचित्य नरहने हुँदा पालिकाले योजना छनौटमा ध्यान पुर्याउनु पर्दछ। यस सम्बन्धमा पालिकाले योजनाहरुमा बजेट दोहोरो भएको, बजेट अभाव तथा हिउँदे सभाले परिमार्जन गरेकोले योजना कार्यान्वयन नभएको भन्ने जवाफ दिएको छ । पूँजीगत कार्यक्रम तर्फ शून्य प्रगति भएका कार्यक्रमहरु देहायअनुसार रहेका छन्।

| क्र.सं. | कार्यक्रमको नाम | विनियोजन रकम |
|---|---|---|
| १ | नगर अस्पतालमा औषधि खरिद | १०,००,०००.०० |
| २ | संस्थागत क्षमता विकास कार्यक्रम | ३,००,०००.०० |
| ३ | ५ नं वडा खानेपानी व्यवस्थापन | ५,५०,०००.०० |
| ४ | बालमैत्री तथा ज्येष्ठ नागरिक मैत्री पार्क तथा पुस्तकालय स्तरोन्नती | २,००,०००.०० |
| ५ | योजना तर्जुमा तथा अनुगमन | १,००,०००.०० |
| ६ | खानेपानी मुल संरक्षण | ५०,०००.०० |
| ७ | वडा कार्यालय व्यवस्थापन | २,००,०००.०० |
| ८ | पाइलेश्वर थापाटोल सर्दाखेत सिद्धथान मोटरबाटो स्तरोन्नती | ३,००,०००.०० |
| ९ | पोशाक | १,३०,०००.०० |
| १० | विपद व्यवस्थापन तथा पुल निर्माण | २,००,०००.०० |
| ११ | विपद व्यवस्थापन तथा पुल निर्माण | १२,५०,०००.०० |
| १२ | संगम युवा क्लव खेलमैदान तारवार | २,००,०००.०० |
| १३ | ज्याथर सिचांई | २,००,०००.०० |
| १४ | मोटरबाटो सरसफाइ तथा जग्गा उत्खनन | १,००,०००.०० |
| १५ | रिस्मी मन्दिर निर्माण | ३,५०,०००.०० |
| १६ | गत वर्ष सम्झौता भई कार्य सम्पन्न भएका भुक्तानी वाँकि आयोजनाहरु | ५,००,०००.०० |
| १७ | पर्यटन विकास कार्यक्रम | ५,००,०००.०० |
| १८ | बालमैत्री दिगोपनाको लागि कार्यक्रमहरु | १७,००,०००.०० |
| १९ | बस्नेदास देउराली मोटरबाटो | १,००,०००.०० |
| २० | कृषि उपज उत्पादनको न्युनतम समर्थन मुल्य र वजारिकरण कार्यक्रम | ५,००,०००.०० |
| २१ | नगरपालिकाको प्रशासकिय भवन निर्माण | ८,०८,९००.०० |
| २२ | नगरपालिकाको प्रशासकिय भवन निर्माण | ४०,००,०००.०० |
| २३ | नगरपालिकाको प्रशासकिय भवन निर्माण | २१,००,०००.०० |
| २४ | वडा कार्यालय रंगरोगन तथा मर्मत सम्हार | ५०,०००.०० |
| २५ | सार्वजनिक नागरिक आवास | १०,००,०००.०० |
| २६ | वडा कार्यालय तारबार | २,००,०००.०० |
| २७ | नरेठाँटी खेलमैदान निर्माण तथा व्यवस्थापन | ४,००,०००.०० |
| २८ | गौदी दरम सम्सान व्यवस्थापन | १,००,०००.०० |
| २९ | लेङ्गुरे फाँट देखी माउखोला सिचांई कुलो | ६,००,०००.०० |
| ३० | विपद् व्यवस्थापन सम्बन्धी सामाग्री खरिद | १,००,०००.०० |
| | | |

| | | |
|---|---|---|
| ३१ | विपद् व्यवस्थापन | ८५,०००.०० |
| ३२ | खेलकुद विकास | १,००,०००.०० |
| ३३ | धौलागिरी आ वि पहिरो तथा नाली व्यवस्थापन | ३,५०,०००.०० |
| ३४ | देवलधारा गोरेटोबाटो स्तरोन्नती | १,५०,०००.०० |
| ३५ | नगर गौरव सम्पुर्ण वडा स्तरीय मोटरबाटो सुचारु एंव संरक्षण | ५०,०००.०० |
| ३६ | नगर गौरव सम्पुर्ण वडा स्तरीय मोटरबाटो सुचारु एंव संरक्षण | २,५०,०००.०० |
| ३७ | लङ्गुरे टस | १,५०,०००.०० |
| ३८ | वालमैत्री सहजकर्ता पारिश्रमिक | ८,००,०००.०० |
| ३९ | ठुलोखोला चमेरी सिंचाई कुलो | १,००,०००.०० |
| ४० | विपद व्यवस्थापन सामाग्री खरिद | १,००,०००.०० |
| ४१ | सघ तथा प्रदेश सरकारको सहलगानीको लागि समपुरकम कोष | ६,००,०००.०० |
| ४२ | खसगाँउ चियाचौतारा मोटरबाटो घुम्टी निर्माण | ३,५०,०००.०० |
| ४३ | स्वास्थ्य चौकी एम्बुलेन्स खरिद | ५,००,०००.०० |
| ४४ | औषधि उपकरण खरिद स्वास्थ्य चौकिको न्युनतम सेवा मापदण्ड सुदृढिकरण | ५,००,०००.०० |
| ४५ | मध्यपहाडी देखी ढाडा खोरिया मानदारा गोरेटो बाटो | १,५०,०००.०० |
| ४६ | खेलाडी सम्मान तथा प्रोत्साहन कार्यक्रम | ४१,०००.०० |
| ४७ | लाउरेबारी देखी किराखोर मोटरबाटो स्तरोन्नती | २,००,०००.०० |
| ४८ | वडाभरिका मोटरबाटो सरसफाइ | ४,००,०००.०० |
| ४९ | लाम्चे प्रतिक्षालय | २,००,०००.०० |
| ५० | विपद व्यवस्थापन | २,००,०००.०० |
| ५१ | वडा भित्रका सिचाँइ मर्मत | २,००,०००.०० |
| ५२ | ढल तथा फोहोर व्यवस्थापन बगर | २,००,०००.०० |
| | जम्मा | २,३४,६४,९००.०० |

२५.३ **पदाधिकारी सुविधा:** नेपालको संविधानको धारा २२७ मा गाउँसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार पालिकाले यस आर्थिक बर्षमा पदाधिकारी सुविधा शीर्षकमा रु.१३८३११९६/- खर्च गरेको देखिन्छ । जुन आन्तरिक आय रु.१७९७६५६१.८९ को 76.९४ प्रतिशत देखियो । पालिकाको आन्तरिक आयको अवस्थाले पदाधिकारी सुविधा धान्न मात्र पर्याप्त रहेको पाईयो । अतः पालिकाले आन्तरिक आय बृद्धि गरी आन्तरिक आयको पर्याप्तता पश्चात मात्र पदाधिकारी सुविधामा खर्च गर्नुपर्दछ ।

२५.४ **अवकास कोषः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३०** को निर्णयले रू **१,०००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

२५.५ **वार्षिक प्रतिवेदन**: विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । पालिकाले ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

२६ **कन्टेन्जेन्सी खर्चः**

निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) सँग सम्बन्धित व्यवस्था सोही नियमावलीको अनुसूची १ मा तोकिएको छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टेन्जेन्सी बापत थप गर्ने व्यवस्था रहेको छ । कार्यालयले कन्टेन्जेन्सी खर्च तर्फ मर्मत तथा इन्धन, कार्यलय सञ्चालन तथा अनुगमनमा र अन्यमा यस वर्ष रु.४३१०७८६/- कन्टीन्जेन्सी खर्च गरेको छ ।

• सार्वजनिक खरिदमा कन्टेन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ अनुसार कन्टेन्जेन्सीबाट भएको खर्च ठेक्का एवं योजना अनुसार नापी किताबमा उल्लेख गर्नु पर्नेमा गरेको देखिएन । योजना वा ठेक्का प्याकेज अनुसार कन्टेन्जेन्सी खर्च छुट्याई नापी किताबमा प्रविष्टि गर्नुपर्छ ।

• महालेखा नियन्त्रक कार्यालयले २०७४ सालमा जारी गरेको आर्थिक संकेत तथा वर्गीकरण सम्बन्धी पुस्तिकाको खर्च संकेत तथा वर्गीकरण अनुसार विभिन्न खर्च संकेत नम्बरबाट खर्च लेखांकन गर्नुपर्ने रकमहरू जस्तै मर्मत संभार, स्टेशनरी छपाई, सूचना प्रकाशन, इन्धन, दैनिक भत्ता जस्ता कार्यमा समेत सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेको देखिएको छ । जुन उक्त खर्चको संकेत तथा वर्गीकरण अनुसार मेल खाने देखिदैन ।

• कन्टेन्जेन्सी रकमको सीमा सबै निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टेन्जेन्सी बापत थप गर्ने व्यवस्था गरेको छ । वर्क चार्ट स्टाफ खर्च र र सानातिना अन्य खर्चका प्रकृतिका आधारमा निश्चित रकमको लागत अनुमान तयार गर्दा मात्र उक्त प्रतिशत कायम गरी बढी मुल्यको लागत अनुमान तयार गर्दा यस्तो प्रतिशतमा पुनरावलोकन गर्नु पर्दछ ।

• कन्टेन्जेन्सी रकमवाट, विविध, कार्यालय मालसामान, इन्धन लगायतका चालू खर्च शीर्षकका खर्चहरू समेतलाई पुँजीगत बजेट शीर्षक तर्फ समावेश गरी खर्च गरेकोले सार्वजनिक खरिदमा कन्टेन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ ले उल्लेख गरे बमोजिम अन्य सानातिना खर्च छुट्याएर मात्र कन्टेन्जेन्सी रकम खर्च भएको एकिन गर्ने विवरण समेत तयार गर्नुपर्दछ ।

२७ **संघीय शशर्तः**

**कन्टेन्जेन्सी खर्च बढी कट्टी:**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **१०३,४२८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **१५४,९२३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

२८ **विविध कार्यक्रम तर्फः**

२८.१ **प्रधानमन्त्री रोजगार कार्यक्रम:** स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्धेश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम

सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ११ वडामा २३ योजना सञ्चालन गरी यस वर्ष ८१ जनालाई औसत १०० दिन रोजगारी उपलव्ध गराई रु.५३,४५,७६०/- श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

२८.२ (३००-२०८०-११-११):

**ज्येष्ठ नागरिक सम्मान कार्यक्रमः** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ (ख) मा अधिकार प्राप्त अधिकारीले आर्थिक कारोबार प्रचलित कानून बमोजिम भएको र खर्चको लागी आवश्यक प्रमाण पुगेको सुनिश्चित भएर मात्र सरकारी रकम खर्च गर्नुपर्ने ब्यबस्था रहेको छ ।पालिकाले ज्येष्ठ नागरिकको सम्मान तथा प्रोत्साहन कार्यक्रम बापत गो. भौ. नं ३०० मिति २०८०/११/११ मा रु.८०००००/- खर्च लेखेको छ । ज्येष्ठ नागरिकको सम्मान स्वरुप प्रतिव्यक्ति रु.३०००/- का दरले पालिकको ११ वटा वडाहरुमा वडा सचिव मार्फत रकम वितरण गरेको देखिन्छ । उक्त रकम सम्वन्धित व्यक्तिले वुझेको अर्थात् बैक खातामा जम्मा गरेको नभइ अधिकांशको छोरा, छोरी वा परिवारका अन्य सदस्य रहेको जनाएर भर्पाइ गरी नगद वुझेको देखिन्छ । यसबाट वास्तविक लाभग्राहीले रकम पाए नपाएको सम्बन्धमा एकिन गर्न सकिएन। तसर्थ उक्त कार्यक्रम वापत खर्च भएको रकम नियम सम्मत नदेखिएको रु..

| | |
|---|---|
| अनियमित भएको | ८,००,००० |

२८.३ **मेयरकप भलिवल प्रतियोगिताः** आर्थिक वर्ष २०७४/०७५ को बजेट वक्तव्यको नं. १८३ वाट राज्यकोषवाट हुने तलव, भत्ता लगायतका सबै भुक्तानी सम्वन्धित व्यक्ति तथा संस्थाको वैंक खाता मार्फत हुने व्यवस्था गरिएको छ । पालिकाले २०८०/०९/२५ देखि २८ गते सम्म सञ्चालन भएको अन्तरपालिका स्तरीय भलिवल प्रतियोगिता सञ्चालन गरेको जनाई रु.५९४८७६ खर्च लेखेको छ । उक्त खर्च रकम मध्ये मुख्य अफिसियल व्यवस्थापकको रुपमा कृष्ण शेरचन सँग सम्झौता गरी सामान्य भर्पाइ मात्र गराएर रु.१५०७५०/- भुक्तानी गरेको देखिन्छ । लिकाले यस्तो किसिमको भुक्तानी गर्दा नगदमा कारोवार नगरी बैंक मार्फत भुक्तानी गर्नुपर्दछ।

२८.४ **कर विजक प्राप्त नभएकोः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३०** को निर्णयले रू **२५५,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

२८.५ **गत वर्षको खर्चको यो वर्ष भुक्तानी:** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८ (२.क) मा अधिकार प्राप्त अधिकारीले स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धित खर्च शिर्षकमा परेको र खर्च गर्न बाँकी रहेको अबस्थामा मात्र बजेट खर्च गर्न वा बजेट निकासा दिनु पर्ने व्यवस्था रहेको छ । यस पालिकाले गत वर्षको २५ वटा योजना/कार्यक्रमको यो वर्ष रु.४३५६००४/- भुक्तानी दिएको छ र यस्ता योजना/कार्यक्रमहरु वहुवर्षिय पुर्वाधार निर्माणका योजना नभई अल्पकालिन टुक्रे योजना भएको पाईएको छ । यसरी यस वर्षको वजेटबाट विगत वर्षको भुक्तानी गर्दा चालु वर्षको कार्यक्रम सञ्चालनमा बजेट अभाव हुने र नियमित कार्य सञ्चालनमा समेत असर पर्ने देखिन्छ । कार्यालयले चालु वर्षमैं सम्पादन हुने र चालु वर्षको बजेटबाट भुक्तानी दिन सकिने योजना तथा कार्यक्रम मात्र सञ्चालन गर्नुपर्दछ साथै चालु वर्षका योजना तथा कार्यक्रम चालु वर्षको बजेट बाटै भुक्तानी गरेर आगामी वर्षको बजेटमा व्ययभार पर्नेगरी दायित्व सिर्जना गर्नुहुँदैन ।

## २९ सामाजिक सुरक्षा तर्फः

२९.१ **भत्ता वितरणः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रीकृत सूचना प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । पालिकाले लाभग्राहीलाइ सामाजिक सुरक्षा भत्ता वापत यस वर्ष कूल रु.१९८९१४५७९.६७ वितरण गरेको छ । लेखापरीक्षण योजना अनुसार सबै भन्दा बढी भत्ता वितरण गरिएको २ वटा वडाहरु वडा नं ३ र ११ को परीक्षण गरिएकोमा निम्न व्यहोरा देखियो।

| समुह/ त्रैमासिक | पहिलो त्रैमासिक | | दोस्रो त्रैमासिक | | तेस्रो त्रैमासिक | | चौथो त्रैमासिक | | बार्षिक विवरण संख्या | बार्षिक वितरण |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | | |
| अन्य जेष्ठ नागरिक भत्ता | २७८४ | ३५५६१८४४ | ३०२५ | ३६१०५६३९ | ३०७५ | ३६५३३१६० | ३११५ | ३४७८६४११ | ११९९९ | १४२९८७०५ |
| जेष्ठ नागरिक भत्ता (दलित) | ४०२ | ३६१३२२४ | ४७१ | ३७३४१९७ | ४७६ | ३७१९०३५ | ४७६ | ३१४६२३४ | १८२५ | १४२१२६९८ |
| जेष्ठ नागरिक एकल महिला | २९३ | २४७९१२० | ३१२ | २४८४४४० | ३११ | २४७६४६० | ३०० | ४०८३९८० | १२१६ | ११५२४००० |
| विधवा | ४९४ | ४२७८७३९ | ५५० | ४३५४४२० | ५६५ | ४४५८८०२ | ५७७ | ४२०८१४४ | २१८६ | १७३००१०५ |
| पूर्ण अपाङ्गता भत्ता | ५७ | ८०१९९० | ६८ | ८१३९६० | ६९ | ८२९९२० | ७० | १०४४४५६ | २६४ | ३४९०३२६ |
| अति अशक्त अपाङ्गता भत्ता | १५३ | ११००१७६ | १७७ | ११२१४५६ | १८१ | ११३६३५२ | १७९ | १३४९४२१ | ६९० | ४७०७४०५ |
| दलित बालबालिका | ५३८ | ९२०२८४ | ६२१ | ९५९१४२ | ६४४ | ९७१८८१ | ६४४ | १८४१६९३ | २४४७ | ४६९३००० |
| जम्मा | ४७२१ | ४८७५५३७७ | ५२२४ | ४९५७३२५४ | ५३२१ | ५०१२५६१० | ५३६१ | ५०४६०३३९ | २०६२७ | १९८९१४५८ |

२९.२ **निस्क्रिय खाता तथा लगत कट्टा:** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २३ (५) अनुसार सामाजिक सुरक्षा खाता सञ्चालन गर्ने वैंकले खाताहरु मध्ये निस्क्रिय खाताको विवरण प्रत्येक श्रावण महिना भित्र दिनुपर्ने र कार्यविधिको दफा २६ (३) अनुसार लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भूक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गर्नुपर्ने व्यवस्था छ । वैंकले निष्कृय खाता, डमी खाता तथा लगत कट्टा गरेको विवरण उपलब्ध नगराएकाले वितरित

रकम यकिन हुन सकेन । पालिकाले वैंकबाट सो विवरण लिई लगत कट्टा तथा अन्य प्रकृया पूरा गरी भत्ता वितरण कार्यलाई यथार्थपरक बनाउनुपर्दछ ।

२९.३ **सामाजिक सुरक्षा बढी भुक्तानीः**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३०** को निर्णयले रू **४४३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३०** को निर्णयले रू **१,०६६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

संपरीक्षणबाट थप भएको बेरूजू

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| १ | **एज बिल्ड ड्रईङ्ग बेगर भुक्तानी:** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७६ को नियम ४१ (ख) मा अधिकार प्राप्त अधिकारीले आर्थिक कारोबार प्रचलित कानून बमोजिम भएको र खर्चको लागी आवश्यक प्रमाण पुगेको सुनिश्चित भएर मात्र सरकारी रकम खर्च गर्नुपर्ने ब्यबस्था रहेको छ । त्यसैगरी सोही नियमावली,को नियम ३९ (१०) मा जिम्मेबार ब्यक्तिले सरकारी रकमको खर्च लेख्नु अधि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यबस्था रहेको छ । पालिकाले यो वर्ष तपशिलका योजनाहरुमा संझौता बमोजिम अन्तिम विल भुक्तानी लिनु अगावै As Built Drawing पेश गर्नुपर्नेमा सो नगरेकोले As Built Drawing बापत भुक्तानी भएको रकम रु.१००००/- असुल गर्नुपर्ने रु.. | १०,००० |

| ठेक्का नं. | कामको विवरण | सम्झौता रकम | भुक्तानी रकम | निर्माण व्यवसायी | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| GM/NCB/W/02/2080-81 | Narethanti Torikhola Thaka Majua Road Contract | ४७२३३४७ | ४४६२६५३ | Three Brothers Construction Hatiya-3 | १०००० |
| | | | जम्मा | | १०००० |

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| २ | **पेश्की असुल गर्नुपर्ने:** सोही ठेक्कामा पालिकाले हालसम्म निर्माण व्यवसायीलाई पटक पटक गरी देहाय अनुसारको रु.२४८०००००/- मोबिलाईजेसन पेश्की भुक्तानी दिएको छ । ठेक्का संझौताको बुँदा नम्बर GCC.57.3 अनुसार संझौता मिति देखि ८० प्रतिशत समय व्यतित हुँदा सम्म निर्माण व्यवसायीलाई भुक्तानी भएको मोबिलाईजेसन पेश्की कट्टा गरिक्नुपर्ने सर्त रहेकोमा निर्माण व्यवसायीलाई भुक्तानी भएको पेश्की मध्ये हालसम्म देहाय अनुसारको रु.१५०५४६१४/- मात्र कट्टा भएकोले संझौता मितिदेखि हालसम्म ८० प्रतिशत भन्दा बढी अर्थात करीब १०० प्रतिशत नैं कार्य अबधि समाप्त भै सकेको हुँदा पेश्की कट्टा गर्न बाँकी रु.९७४५३८६/- पेश्की ग्यारेण्टीको रकमबाट असुल गरी दाखिला गर्नुपर्ने रु. | ९७,४५,३८६ |

| (A) पेश्की दिएको | | | (B) पेश्की कट्टा गरेको | | | (C=A-B) पेश्की बाँकी |
|---|---|---|---|---|---|---|
| सि.नं. | भौचर नम्बर र मिति | भुक्तानी रकम | सि.नं. | भौचर नम्बर र मिति | भुक्तानी रकम | बाँकी रकम |
| १ | १३७-२०७९/११/०२ | १२४००००० | १ | ३४१-२०८१/०३/२० | ७४४०००० | ९७४५३८६ |
| २ | ६११-२०७९/३/२५ | २४००००० | २ | ४११-२०८०/०३/२२ | २४८०००० | |
| ३ | १-२०७९/३/२३ | १००००००० | | | | |
| | स्थानीय तह प्रशासकिय भवन पूर्वाधार विकास(३६५०११११४) | | | | | |
| | | | ३ | १३४/२०८१।१२। २८ | ४८८०००० | |
| | | | ४ | ४/२०८११२३१ | २५४६१४ | |
| | जम्मा | २४८००००० | | | १५०५४६१४ | ९७४५३८६ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : गल्कोट नगरपालिका, बागलुङ , गल्कोट नगरपलिका , बाग्लुङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | GANGA BAHADUR BHUJEL | २०७९-५-३ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | krishna prasad kharal | २०७९-२-४ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १७,१४६,१९४ | २,०६३,०८१ | ३,६२४,९८८ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | २२,८३४,२६३ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | २०,७१७,१८२ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ९,७५५,३८६ |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ११,८७२,४६७ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | २५५९३४५६ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४६३४०६८६० | चालु खर्च | ४७५७१८९७१ |
| प्रदेश सरकारबाट अनुदान | १५९९६००९ | पूँजीगत खर्च | १२९०१२१६९ |
| राजश्व बाँडफाँट | १०३३८५५६० | वित्तीय/अन्य व्यवस्था | २२७११५९२८ |
| आन्तरिक आय | १७८५०१४५ | | |
| अन्य आय | २३९५८९००० | | |
| कुल आय | ८४०२२७५७४ | कुल खर्च | ८३१८४७०६८ |
| बाँकी मौज्दात | | ३३९७३९६२ | |

# सुझाव

स्थानीय तहद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस पालिकाले कानून तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछ:

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण, स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति कानून बमोजिम गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्था समेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ। यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुनु पर्दछ। यस्तो अनुदानबाट व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा पुँजीगत निर्माण गरिनु हुँदैन।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौतामा निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितता बेगरका कार्यक्रम/ आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराउने कार्यमा नियन्त्रण हुनुपर्दछ।

- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ। लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरेर सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदातामाथिको निर्भरता कम गर्नु पर्दछ। तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वियन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिताका लागि नागरिक सचेतना अभिवृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ।